का.जि.प्र.का.द.नं. १००/०५२/६०
२८ साउन २०८३
बिहीबार
13 August 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २०३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पहिचानकै सकसमा दलित

**पहाडी दलितले प्रयोग गर्ने थरहरू**

- विश्वकर्मा समुदाय : ३५८
- परियार समुदाय : २९६
- मिजार समुदाय : २३३
- अन्य : ६५
- गैरदलितका थर : २१४

**मधेशी दलितले प्रयोग गर्ने थरहरू**

- चमार समुदाय : ३१
- धोबी समुदाय : ४२
- डोम समुदाय : १९
- मुसहर समुदाय : १७
- अन्य : ९७
- गैरदलितका थर : ४१

## १४०० बढी थरमा गैरदलितका २५५

कानुननतः दलित समुदाय भन्नाले विगतमा वर्णाश्रम व्यवस्थाका आधारमा अछुतको व्यवहार गरिएका, आर्थिक, राजनीतिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, रोजगारीलगायत राज्यको समग्र क्षेत्रबाट उत्पीडन, अपमान, बहिष्करणमा पारिएका, श्रम, सीप र कलाका माध्यमबाट राज्य निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याएका ऐतिहासिक श्रमजीवी समुदाय हुन्।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ साउन

नेपालमा थरका आधारमा समुदाय छुट्याउने अभ्यास छ। थरकै आधारमा समावेशी प्रतिनिधित्वको अध्यास पनि छ। थरकै आधारमा सम्बन्धित व्यक्तिको परिवार, समुदाय र सामाजिक पृष्ठभूमिबारे अनुमान गर्ने र थरकै आधारमा जातको अनुमान गर्ने प्रवृत्ति छ।

तर, थरकै आधारमा पहिचान थाहा नलाग्ने सरकारी तथ्यांकले नै देखाउँछ। राष्ट्रिय दलित आयोगले दलित समुदायको थर सूची तयार पारेको छ। जसले एउटै थर भएका दुई व्यक्ति फरक जातीय समुदायका हुन सक्छन् भन्ने देखाउँछ।

आयोगको तयार पारेको विवरणमा पहाडी दलित समुदायले प्रयोग गर्ने थरहरूको सूची छ। आयोगको तथ्यांकअनुसार गैरदलितका थर २१४ वटा थर पहाडी दलित समुदायले प्रयोग गर्छन्। जसमा अधिकारी, आचार्य, उपाध्याय, ओली, कँडेल, कोइराला, गौतम, जोशी, खनाल, »» पृष्ठ २ मा

# कागजमा सीमित नि:शुल्क स्वास्थ्य सेवा




**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २७ साउन

संविधानले आधारभूत स्वास्थ्य सेवा नि:शुल्क पाउने अधिकार सुनिश्चित गरे पनि विपन्न, असहाय तथा बेवारिसे नागरिकका लागि छुट्याइएका अस्पतालका नि:शुल्क शयचा प्रयोगविहीन देखिएका छन्। सरकारले सञ्चालनमा ल्याएको 'नि:शुल्क स्वास्थ्य पोर्टल'मा उपलब्ध विवरणअनुसार अधिकांश अस्पतालमा छुट्याइएका शयचाको तुलनामा सेवा लिने विपन्न तथा असहाय बिरामीको संख्या न्यून छ।

भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा ५ सय शयचा सञ्चालनमा छन्। अस्पतालले विपन्न, असहाय तथा बेवारिसे बिरामीका लागि कुल शयचाको १० प्रतिशत छुट्याएको छ। तर, पोर्टलमा उपलब्ध विवरणअनुसार हालसम्म ती वर्गका बिरामीले उक्त सेवाबाट लाभ लिएको देखिँदैन।

त्यस्तै, नेपाल मेडिसिटी अस्पतालले कुल ३ सय शयचामध्ये १० प्रतिशत अर्थात् ३० शयचा विपन्न तथा असहाय बिरामीका लागि छुट्याएको छ। तर, हालसम्म कुनै पनि बिरामीले उक्त सेवा लिएको देखिँदैन। बाँकेको वेस्टर्न हस्पिटल एन्ड रिसर्च सेन्टरले पनि १० वटा नि:शुल्क शयचा उपलब्ध गराएको छ। ती शयचा पनि हालसम्म प्रयोगमा आएका छैनन्।

राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान (एनएएमएस)अन्तर्गतको वीर अस्पतालमा रहेका ९६० शयचामध्ये ६४ शयचा नि:शुल्क उपचारका लागि छुट्याइएको छ। तीमध्ये हालसम्म चारजना बिरामीले मात्रै सेवा लिएका छन्। पोर्टलको विवरणअनुसार ६० शयचा अझै प्रयोगविहीन छन्।

यी अस्पतालसहित बुधबारसम्म देशभरका २८१ अस्पतालले 'नि:शुल्क स्वास्थ्य पोर्टल'मा आफ्नो विवरण अद्यावधिक गरेका छन्।

गत चैत १२ गते बसेको मन्त्रिपरिषद्को बैठकले शासकीय सुधारका १ सय बुँदामध्ये बुँदा नम्बर ८५ मा ३२ वटा अस्पताल-१९ निजी र »» पृष्ठ २ मा

नि:शुल्क सेवाबारे विपन्न तथा असहाय वर्गलाई जानकारी नै छैन, कतिपय अस्पतालले नै नि:शुल्क सेवा प्रदान गर्न नमानिरहेको अवस्था पनि हो, उहाँहरू नै बिरामीलाई जानकारी दिनुहुँदैन जस्तो लाग्छ।

**■ डा. भक्तबहादुर के.सी**
**सूचना अधिकारी**
**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**

# पुरानो कांग्रेस ब्युँताउने प्रयास

मंसिर १५भित्र महाधिवेशन गरिसक्नुपर्ने अनिवार्य वैधानिक व्यवस्था हो। पार्टीभित्रको एकता कायम राख्न र समयमा महाधिवेशन गर्ने विषयमा विशेष महाधिवेशनमा सहभागी नभएका नेतासँग समेत संवादमै छौं।

**■ प्रदीप पौडेल**
**महामन्त्री**
**नेपाली कांग्रेस**

अदालतले पुनरावलोकन भनिसकेको कुरालाई सबैले मान्नुपर्छ। अब अदालतको निर्णय आउनुभन्दा अगाडि हुने राजनीतिक सहमति भनेको १४औं महाधिवेशनमा सँगै थियौं, अहिले त्यही स्थानमा छौं भन्ने नै हो।

**■ एनपी साउद**
**नेता**
**संस्थापनइतर**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २७ साउन

नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा ६ महिनापछि आज नेपाल फर्कंदै छन्। जेनजी आन्दोलनका क्रममा आन्दोलनकारीबाट आफ्नै निवासमा निर्घात कुटपिट, घर आगजनी र सम्पत्तिको क्षति व्यहोरेका देउवा स्वदेश फर्किन लागेका हुन्। उनको स्वागतका लागि समर्थकहरूले बाजागाजा र सांस्कृतिक झाँकीसहित स्वागतको भव्य तयारी गरेका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागतकै लागि सुदूरपश्चिमबाट देउवानिकट समर्थकसमेत काठमाडौं आएका छन्। इतर समूहले राष्ट्रिय भेलाका लागि गठन गरेको सांस्कृतिक समितिकी संयोजक विद्या तिमिल्सिनाले पूर्वसभापति देउवाको स्वागतमा बाजागाजासहित सांस्कृतिक झाँकी निकालिने जानकारी दिइन्। देउवानिकट नेता डा. प्रकाशशरण »» पृष्ठ २ मा

## सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीमा हार्दिक अपील

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार व्यवसायलाई सम्मानित, मर्यादित, पारदर्शी, उत्तरदायी र व्यवस्थित पेशाका रूपमा स्थापित गर्ने उद्देश्यका साथ लामो समयदेखि नीतिगत सुधारका लागि बहस, पैरवी र सरोकारवाला पक्षसँग संवाद गर्दै आएको विषय सर्वविदितै छ। विद्यमान ऐन तथा कानुनमा रहेका त्रुटिपूर्ण प्रावधानको संशोधन, श्रमिकको लागत तथा सेवा शुल्कको वैज्ञानिक र व्यावहारिक निर्धारण तथा व्यवसायीको सेवा शुल्कको उचित व्यवस्थापन नगरी वैदेशिक रोजगार व्यवसायलाई दीर्घकालीन रूपमा व्यवस्थित र सम्मानित बनाउन सम्भव छैन भन्ने संघको स्पष्ट निष्कर्ष रहेको छ।

यसै विषयमा मिति २०८३ साउन ७ गते बिहीबार संघले आम व्यवसायी भेला आयोजना गरी सम्पूर्ण व्यवसायीको राय, सुझाव र म्यान्डेट प्राप्त गरेको थियो। व्यवसायीहरूको सामूहिक भावना र प्राप्त म्यान्डेटकै आधारमा आवश्यक नीतिगत सुधार नभएसम्म श्रमिक पठाउने कार्य स्थगित गर्ने निर्णय गरिएको हो। यो निर्णय कुनै व्यक्ति, संस्था वा सरकारप्रति लक्षित नभई व्यवसायीको पेशागत सम्मान, श्रमिकको हित र वैदेशिक रोजगार क्षेत्रको दीर्घकालीन सुधारका लागि चालिएको सामूहिक कदम हो। लामो समयदेखि व्यवसायीहरूले नीतिगत सुधारको माग गर्दै आए पनि सर्वपक्षीय छलफल र सर्वस्वीकार्य नीतिको निर्माणलाई प्राथमिकता दिनुको सट्टा दण्ड-सजायको दायरा विस्तार गर्दै नियन्त्रणमुखी नियमनको बाटो अवलम्बन गरिँदा आजको परिस्थिति सिर्जना भएको संघको बुझाइ छ। त्यसैले अब समस्या समाधानको दिगो बाटो व्यावहारिक नीति, स्पष्ट कानुन, वैज्ञानिक शुल्क निर्धारण र प्रभावकारी नियमन नै हो। यस महत्वपूर्ण अभियानलाई सफल बनाउन व्यवसायीहरूको एकता, अनुशासन र इमान्दारिता नै सबैभन्दा ठुलो शक्ति हो।

संघको निर्णयलाई पूर्ण रूपमा आत्मसात् गर्दै नीतिगत सुधार नभएसम्म पूर्व स्वीकृति, अन्तिम स्वीकृति, श्रमिक पठाउने प्रक्रिया तथा उडानलगायतका सम्पूर्ण प्रक्रिया अघि नबढाउनुहोस्। संघको सामूहिक निर्णयलाई कमजोर पार्ने कुनै पनि गतिविधि नगरी एकताबद्ध भएर अघि बढ्न हामी सम्पूर्ण व्यवसायी साथीहरूमा अनुरोध गर्दछौं। संघको निर्णयविपरीत प्रक्रिया अघि बढाउँदा उत्पन्न हुन सक्ने अप्रत्याशित अवस्था वा दायित्वको जिम्मेवारी सम्बन्धित व्यवसायी/संस्थाले स्वयं लिनुपर्ने व्यहोरा समेत स्मरण गराउँदछौं। आजको हाम्रो एकता र अनुशासनले नै भोलिको सम्मानित र सुरक्षित वैदेशिक रोजगार व्यवसायको आधार तयार गर्नेछ। त्यसैले, श्रमिकको हितका लागि, व्यवसायीको सम्मानका लागि र वैदेशिक रोजगार क्षेत्रको दीर्घकालीन सुधारका लागि एकताबद्ध भएर संघको अभियानमा साथ दिन सम्पूर्ण व्यवसायी साथीहरूमा हार्दिक अपिल गर्दछौं।

**डिक बहादुर खत्री (कुमार)**
**अध्यक्ष**

**हिरा बहादुर डाँगी (हरि)**
**महासचिव**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०५६५/४५९४४१८

**वैदेशिक रोजगार विशेष**

# सामूहिक निर्णयप्रति एकताबद्ध हुन संघको आह्वान

## अनुगमनका लागि १० उपसमिति गठन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सामूहिक निर्णयलाई कमजोर पार्ने कुनै पनि गतिविधि नगरी एकताबद्ध भएर अघि बढ्न सम्पूर्ण व्यवसायीलाई आह्वान गरेको छ।

सेवाशुल्क परिमार्जन गरी समग्र वैदेशिक रोजगार क्षेत्र सुधारका लागि आम व्यवसायी भेलाबाट म्यान्डेट लिएर आन्दोलनका कार्यक्रम सार्वजनिक गरिएको भन्दै संघको निर्णयलाई पूर्ण रूपमा आत्मसात् गर्दै नीतिगत सुधार नभएसम्म पूर्वस्वीकृति, अन्तिम स्वीकृति, श्रमिक पठाउने प्रक्रिया तथा उडानलगायतका सम्पूर्ण प्रक्रिया रोक्न संघले आग्रह गरेको छ।

संघले गत शुक्रबार मध्यरातिदेखि कुनै पनि प्रकारका श्रम स्वीकृति नलिन सदस्य संस्थाहरूलाई आग्रह गरेको थियो। संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार' र महासचिव हिराबहादुर डाँगी (हरि)ले मंगलबार संयुक्त विज्ञप्ति जारी गर्दै संघको निर्देशन नि:शर्त पालना गर्न आग्रह गरेका छन्।

विज्ञप्तिमा संघले भनेको छ, 'संघको निर्णयविपरीत प्रक्रिया अघि बढाउँदा उत्पन्न हुन सक्ने अप्रत्याशित अवस्था वा दायित्वको जिम्मेवारी सम्बन्धित व्यवसायी वा संस्था स्वयंले लिनुपर्ने व्यहोरा समेत »» पृष्ठ २ मा

### लोकतान्त्रिक एसोसिएसनमा ७ सल्लाहकार र ४ सदस्य चयन

**काठमाडौं/मस-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले ७ जना सल्लाहकार चयन गर्नुका साथै केन्द्रीय कार्यसमितिमा ४ जना व्यवसायी मनोनीत गरेको छ।

उच्च अदालत पाटनको आदेशपछि बुधबार पदबहालीसँगै अध्यक्ष रामप्रसाद गैरेको अध्यक्षतामा बसेको एसोसिएसन कार्यसमिति बैठकले व्यवसायीहरू निवर्तमान अध्यक्ष दीपक थापा, तीर्थबहादुर गुरुङ, शंकरप्रसाद आचार्य, देवीप्रसाद काफ्ले, तारा रेग्मी, नवलकिशोर यादव र कमलदेव मल्ललाई »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# ११ हजार बढी सरकारी कर्मचारी कारबाहीको दायरामा

**काठमाडौं/मस–**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहत रहेको राष्ट्रिय सतर्कता केन्द्रले आर्थिक वर्ष २०८२/८३मा सम्पादन गरेका काम समेटिएको वार्षिक प्रतिवेदन प्रधानमन्त्री वालेन्द्र शाहसमक्ष पेस गरेको छ ।

भ्रष्टाचारजन्य गतिविधि नियन्त्रण तथा सुशासन प्रवर्धन गर्ने उद्देश्यले स्थापित केन्द्रले आफ्नो स्थापनाको २५औं वर्ष प्रवेशको अवसरमा वार्षिक प्रतिवेदन सार्वजनिक गरेको हो । प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/८३ मा केन्द्रमा कुल २ हजार ५ सय ६६ उजुरी प्राप्त भएका थिए । तीमध्ये १ हजार ८ सय ५४ वटा अर्थात् ७२ प्रतिशत उजुरी फछ्यौंट गरिएको छ । फछ्यौंट भएका उजुरीमा अघिल्लो आर्थिक वर्ष २०८१/८२ बाट जिम्मेवारी सरेर आएका ४ सय २९ उजुरीसमेत समावेश छन् । भ्रष्टाचार तथा अनियमितातसम्बन्धी प्राप्त सूचना र उजुरीको छानबिन तथा फछ्यौंटलाई केन्द्रले आफ्नो प्रमुख प्राथमिकतामा राख्दै आएको जनाएको छ ।

केन्द्रले आर्थिक वर्षमा देशभरका १ हजार ५ सय ७७ सरकारी कार्यालयमा छड्के अनुगमन तथा निरीक्षण गरेको थियो । अनुगमनका क्रममा कार्यालय समयमा उपस्थित नभएका ९ हजार ६ सय ९७ कर्मचारी तथा तोकिएको पोशाक नलगाउने १ हजार ४ सय ४ कर्मचारी गरी कुल ११ हजार १ सय १ जनामाथि कारबाहीका लागि सम्बन्धित निकायमा

लेखी पठाइएको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, केन्द्रले सरकारी कार्यालयमा आचारसंहिता पालना, फाइल ट्र्याकिङ, सरकारी सवारीसाधनको प्रयोग तथा बिचौलिया नियन्त्रणलगायतका विषयमा समेत नियमित निगरानी गर्दै आएको जनाएको छ ।

सार्वजनिक पद धारण गरेका व्यक्तिले अनिवार्य रूपमा सम्पत्ति विवरण बुझाउनुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयनमा समेत केन्द्रले निगरानी बढाएको छ । आर्थिक वर्ष २०८१/८२ मा ७ लाख ६७ हजार ३३ जनाले सम्पत्ति विवरण बुझाएकोमा ५ हजार २ सय ६५ जनाले भने विवरण नबुझाएको केन्द्रले जनाएको छ ।

केन्द्रले राष्ट्रिय गौरव तथा ठूला आयोजनाको प्राविधिक परीक्षण र अनुगमनलाई समेत प्राथमिकता दिएको छ । प्रतिवेदनअनुसार १ सय ८४ आयोजनाको नियमित अनुगमन तथा ६ वटा आयोजनाको प्राविधिक विश्लेषण गरिएको छ ।

अनुगमन तथा प्राविधिक परीक्षणका क्रममा आयोजनाको कार्यान्वयनमा देखिएका कमजोरी र सम्भावित जोखिम पहिचान गरी समयमै सुधारका लागि सम्बन्धित निकायलाई सुझाव दिइएको केन्द्रले जनाएको छ । प्राविधिक परीक्षणका क्रममा कैफियत देखिएका आयोजनालाई सुधार गर्न 'नन-कन्फरमेन्स रिपोर्ट' सहित सम्बन्धित निकायमा पत्राचार गरिएको छ ।

केन्द्रले सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने उद्देश्यले 'सार्वजनिक सेवा सन्तुष्टि मापन फारम' को क्यूआर कोडसमेत सञ्चालनमा ल्याएको छ । यसबाट सेवाग्राहीले सरकारी सेवा प्रवाहप्रतिको आफ्नो अनुभव तथा सन्तुष्टि प्रत्यक्ष रूपमा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ ।

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि केन्द्रले जिल्ला तथा स्थानीय तहसम्म सदाचार शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको जनाएको छ । नयाँ प्रविधिको प्रयोगसँगै नागरिकमा भ्रष्टाचारविरुद्धको सचेतना विस्तार गर्न केन्द्रले विभिन्न कार्यक्रमलाई निरन्तरता दिएको छ ।

केन्द्रले सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणका लागि सरकारी निकाय, सरोकारवाला संस्था तथा नागरिक समाजको निरन्तर सहयोग आवश्यक रहेको जनाएको छ । आगामी दिनमा प्राप्त उजुरीको प्रभावकारी छानबिन, सरकारी कार्यालयको अनुगमन तथा प्राविधिक परीक्षणलाई थप प्रभावकारी बनाउँदै भ्रष्टाचार नियन्त्रणमा आफ्नो भूमिका सशक्त बनाउने प्रतिबद्धता केन्द्रले जनाएको छ ।

# ग्यास अभावदेखि शान्ति सुरक्षासम्म सरकारको आलोचना

**काठमाडौं/मस–**राष्ट्रिय सभाको बुधबार बसेको बैठकमा सांसदहरूले मुलुकमा देखिएका विभिन्न जनसरोकारका समस्याप्रति सरकारको ध्यानाकर्षण गराएका छन् । शून्य समयमा बोल्दै सांसदहरूले एलपी ग्यासको अभाव, कमजोर शान्ति सुरक्षा, महँगी, कृषि सामग्रीको अभाव तथा सरकारको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरेका हुन् ।

सांसद कमला पन्तले बजारमा खाना पकाउने ग्यासको चरम अभाव भइरहँदा पनि सरकारले आपूर्ति सहज रहेको दावी गर्नु लज्जास्पद भएको बताइन् । ग्यास अभावका कारण सर्वसाधारणको घरमा चुलो बल्नसमेत समस्या भएको उल्लेख गर्दै उनले तत्काल समस्या समाधान गर्न सरकारको तर्फबाट संसदमा रुलिङ हुनुपर्ने माग गरिन् ।

सांसद मदनकुमारी शाहले 'डेलिभरी'को नारा दिने सरकारले सर्वसाधारणलाई ग्यासका लागि घण्टौं लाइनमा बस्न बाध्य बनाएको भन्दै सरकारको आलोचना गरिन् । जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन सरकार गम्भीर हुनुपर्ने उनको भनाइ थियो ।

यसैगरी सांसद तुलप्रसाद विश्वकर्मा र नरबहादुर विष्टले माइतीघर मण्डलामा ११६ दिनदेखि

धर्नामा रहेकी दीपा नेपालीको मागप्रति सरकार उदासीन बनेको आरोप लगाए । उनीहरूले ग्यास अभावबाट नागरिकले सास्ती खेपिरहँदा सरकारले समस्या समाधानका लागि प्रभावकारी पहल गर्न नसकेको बताए ।

बैठकमा सुनसरीको देवानगञ्जमा भएको हिंसात्मक घटनाले समेत प्रवेश पाएको छ । सांसद नारायणदत्त मिश्रले दुई समुदायबीच तनाव बढ्दा सुरक्षा संयन्त्र समयमै परिचालन हुन नसकेको भन्दै सरकारको आलोचना गरे । उनले घटनाको निष्पक्ष न्यायिक छानबिन गरी दोषीलाई कानुनी कारबाही गर्न माग गरे ।

सिरहाको गोलबजारमा भएको आगजनी तथा भौतिक क्षतिको विषय उठाउँदै सांसद मोहम्मद खालिदले घटनाबाट प्रभावित पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरे । उनले स्थानीय नागरिकको सुरक्षाको प्रत्याभूति गर्नसमेत सरकारको ध्यानाकर्षण गराए ।

सांसद भुवनबहादुर सुनारले सरकारले अघि सारेको सय बुँदे कार्ययोजनाको प्रभावकारितामाथि प्रश्न उठाए । उनले सुकुम्वासी बस्तीमा भइरहेको डोजर प्रयोग, रासायनिक मलको अभाव तथा बढ्दो महँगी नियन्त्रण गर्न सरकार असफल भएको आरोप लगाए ।

त्यस्तै सांसद युवराज शर्माले राष्ट्रिय ट्रमा सेन्टरमा रहेका महँगा स्वास्थ्य उपकरण बिग्रिएको, विद्युतमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाइएको तथा बजारमा कृत्रिम अभाव सिर्जना गरिएको भन्दै सरकारको ध्यानाकर्षण गराए । यस्ता समस्याले जनतामा निराशा बढाएको उनको भनाइ थियो ।

शून्य समयमा बोल्ने अधिकांश सांसदहरूले जनताका दैनिक समस्यालाई सरकारले प्राथमिकतामा राख्नुपर्ने र उठाइएका विषयमा जवाफदेही बन्नुपर्नेमा जोड दिएका छन् ।

## पहिचानकै...

दाहाल, पाण्डे, पोखरेल, पन्त, पौडेललगायत पर्दछन् । यी थर नेपाली समाजमा सामान्यतया अन्य समुदायसँग पनि जोडिएर चिनिन्छन् । तर, आयोगको दस्ताबेजमा तिनै थर दलित समुदायले पनि प्रयोग गर्ने गरेको तथ्यांक सार्वजनिक गरेको हो ।

यसको अर्थ एउटै थर भएका सबै व्यक्ति एउटै जातका हुन्छन् भन्ने सामाजिक बुझाइ सही नरहेको देखाउँछ । उदाहरणका लागि, पाण्डे भन्ने थर सुन्दा एउटा निश्चित समुदायको मानिस भन्ने अनुमान लगाउन सकिन्छ । तर, आयोगको तथ्यांकमा पाण्डे थर दलित समुदायले पनि प्रयोग गर्ने थरका रूपमा सूचीकृत छ । यस्तै अधिकारी, आचार्य, उपाध्याय, ओली वा गौतमजस्ता थर पनि दलित समुदायले प्रयोग गर्दै आएको आयोगको तथ्यांक छ ।

तथ्यांकअनुसार पहाडी दलितले प्रयोग गर्ने थरहरूमा विश्वकर्मा समुदायले प्रयोग गर्ने थरहरूको संख्या ३५८ छ । परियार समुदायले प्रयोग गर्ने थरहरू २९६, मिजार समुदायले प्रयोग गर्ने थरहरू २३३, बादी समुदायले प्रयोग गर्ने थरहरू ४०, गन्धर्व समुदायले प्रयोग गर्ने थरहरू १६, च्यामे समुदायले प्रयोग गर्ने थरहरू ४ र पोडे समुदायले प्रयोग गर्ने थरहरू ५ रहेका छन् । यसबाहेक पहाडी दलितले प्रयोग गर्ने गैरदलितका थरहरू २१४ वटा रहेका छन् ।

यस्ता साझा थरलाई समाजले निश्चित समुदायका रूपमा बुझ्ने मात्रै होइन । सरकारले दिने सहुलियत र समावेशी प्रतिनिधित्वमा समेत पहिलो आधारका रूपमा थरलाई लिने गरिन्छ । केहीगरी थर साझा पर्‍यो भने तीन पुस्ता हेरेर निक्र्योल गर्ने अभ्यास छ । साझा थर प्रयोग गर्ने दलित व्यक्तिले आफ्नो दलित पहिचान प्रमाणित गर्न चाहेमा सम्बन्धित स्थानीय निकायबाट तीनपुस्ते दलित खुलेको प्रमाण आवश्यक पर्ने कानुनी व्यवस्था छ ।

मधेसी दलित समुदायको सूची अझ फराकिलो संरचनामा छ । आयोगको तथ्यांक अनुसार चमार समुदायले प्रयोग गर्ने थरहरू ३१, मुसहर समुदायले प्रयोग गर्ने थरहरू १७, दुसाध समुदायले प्रयोग गर्ने थरहरू ११, तत्मा समुदायले प्रयोग गर्ने थरहरू ६, खत्वे समुदायले प्रयोग गर्ने थरहरू ११ वटा रहेको छ ।

धोबी समुदायले प्रयोग गर्ने थरहरू ४२, बाँतर समुदायले प्रयोग गर्ने थरहरू ९, कोरी समुदायले प्रयोग गर्ने थरहरू ९, डोम समुदायले प्रयोग गर्ने थरहरू १९, खटिक समुदायले प्रयोग गर्ने थरहरू ४, नटुवा समुदायले प्रयोग गर्ने थरहरू २, ढाँडी समुदायले प्रयोग गर्ने थर एउटा रहेका छन् ।

चिडिमार समुदायले प्रयोग गर्ने थरहरू ६, ककैहिया समुदायले प्रयोग गर्ने थरहरू २, कलर समुदायले प्रयोग गर्ने थरहरू ३, धन्का समुदायले प्रयोग गर्ने थरहरू ४, पासी समुदायले प्रयोग गर्ने थरहरू ७, मेस्तर समुदायले प्रयोग गर्ने थरहरू १२, सरभंग समुदायले प्रयोग गर्ने थरहरू १३ र उरौव समुदायले प्रयोग गर्ने थरहरू ६ वटा रहेका छन् । मधेशी दलितले प्रयोग गर्ने गैरदलितका थरहरू ४१ वटा रहेका छन् ।

पहाडी र मधेशी दुवै दलित समुदायले प्रयोग गर्ने साझा थर प्रयोग गरेका छन् र दलित समुदायको पहिचान खोज्दा प्रशासनिक झन्झटसमेत व्यहोर्नुपर्ने हुन्छ । बाबु, बाजे वा अघिल्ला पुस्तासम्मको सामाजिक पहिचान हेरेर प्रमाणित गर्न सकिने व्यवस्था छ । आयोगका अनुसार यसमा थपघटसमेत हुन सक्छ । अद्यावधिकका लागि यो विवरणमाथि राय मागिएको छ ।

कानुनतः दलित समुदाय भन्नाले विगतमा वर्णाश्रम व्यवस्थाका आधारमा अछुतको व्यवहार गरिएका, आर्थिक, राजनीतिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, रोजगारी लगायत राज्यको समग्र क्षेत्रबाट उत्पीडन, अपमान, बहिष्करणमा पारिएका, श्रम, सीप र कलाका माध्यमबाट राज्य निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याएका ऐतिहासिक श्रमजीवी समुदाय हुन् । आयोगका अनुसार समुदायको सही पहिचान गर्न सकियोस् र राज्यले दिने सुविधा लक्षित वर्गले सहजै प्राप्त गर्न सकोस् भन्ने उद्देश्य छ ।

## कागजमा...

१३ सरकारी-मा कुल शय्याको १० प्रतिशतमा निःशुल्क उपचार उपलब्ध गराउने व्यवस्था गरेको थियो । सोसम्बन्धी विवरण मन्त्रालयको वेबसाइटमा अद्यावधिक गरिएको थियो ।

ती अस्पतालमा रहेका कुल ३० हजार ७०७ शय्यामध्ये ३ हजार ५४० शय्या विपन्न तथा असहाय बिरामीका लागि निःशुल्क छुट्याइएको छ । तर, पोर्टलमा उपलब्ध तथ्यांकअनुसार तीमध्ये ८५२ शय्या मात्रै प्रयोगमा आएका छन् । अझै २ हजार ६८८ शय्या प्रयोगविहीन छन् ।

सरकारले विपन्न, असहाय तथा बेवारिसे बिरामीका लागि अस्पतालमा छुट्याउनुपर्ने १० प्रतिशत निःशुल्क शय्याको व्यवस्था गरे पनि त्यसको लाभ लक्षित वर्गसम्म पुग्न सकेको छैन । अस्पतालमा निःशुल्क उपचारको व्यवस्था भए पनि त्यसबारे विपन्न तथा असहाय नागरिकलाई पर्याप्त जानकारी नहुँदा सेवा लिन नसकेको देखिन्छ ।

संविधानको धारा ३५ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । साथै, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गर्न नपाइने र स्वास्थ्य सेवामा सबैको समान पहुँच हुने व्यवस्था संविधानले गरेको छ । तर, व्यवहारमा भने निःशुल्क स्वास्थ्य सेवाको पहुँच अझै प्रभावकारी हुन सकेको छैन ।

सरकारले विपन्न वर्गको स्वास्थ्य उपचारका लागि सञ्चालनमा ल्याएको 'निःशुल्क स्वास्थ्य पोर्टल'मा सेवा लिनेको संख्या न्यून छ । अस्पतालमा निःशुल्क सेवा उपलब्ध भए पनि त्यसबारे विपन्न वर्गलाई अस्पतालले नै पर्याप्त जानकारी नदिने गरेको गुनासो छ ।

नेपाल मेडिसिटी अस्पतालमा कार्यरत प्रलिना मालाकारले विपन्न वर्गका लागि निःशुल्क शय्या छुट्याइए पनि सेवा लिन बिरामी नआएको बताइन् । 'मेरो काम नै सामाजिक सेवा इकाइमा हो । ती वर्गका बिरामी नै सेवा लिन आउनुभएको छैन । सायद उहाँहरूलाई नै यसबारे जानकारी नभएको होला,' उनले भनिन् ।

त्यस्तै, वीर अस्पतालका सामाजिक सेवा इकाइ प्रमुख क्षेत्र कार्कीले सरकारले तोकेको १० प्रतिशत निःशुल्क सेवा अस्पतालले उपलब्ध गराउँदै आएको बताए । 'अस्पतालमा सेवा लिन आएका विपन्न वर्गका बिरामीलाई सेवा दिँदै आएका छौं,' उनले भने, 'तर ती वर्गलाई यो सेवाबारे पर्याप्त जानकारी नै छैन ।'

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीले विपन्न तथा असहाय वर्गलाई निःशुल्क सेवाबारे जानकारी नभएका कारण सेवा लिन नसकेको हुन सक्ने बताए । 'अर्को कारण कतिपय अस्पतालले नै सेवा प्रदान गर्न नमानिरहेको अवस्था पनि हो । उहाँहरूले नै बिरामीलाई जानकारी दिनुहुँदैन जस्तो लाग्छ,' उनले भने ।

सरकारी तथा निजी अस्पतालमा विपन्न वर्गका लागि छुट्याइएको १० प्रतिशत निःशुल्क शय्या प्रभावकारी रूपमा कार्यान्वयन गराउन मन्त्रालयले कडाइ गरिरहेको उनको दाबी छ । 'निःशुल्क शय्याका बारेमा अब विस्तारै ती वर्गमा जानकारी हुँदै छ । सेवा लिनेको संख्या पनि वृद्धि होला,' उनले भने ।

पोर्टलमा देशभर तत्काल उपलब्ध शय्या, त्यसको १० प्रतिशतले हुन आउने निःशुल्क शय्या, हाल प्रयोगमा रहेका निःशुल्क शय्या र बाँकी रहेका शय्याको विवरण अद्यावधिक गरेर जानकारी गराइएको उनले बताए ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले 'निःशुल्क स्वास्थ्य पोर्टल' सञ्चालनमा ल्याएर विपन्न, असहाय तथा बेवारिसे नागरिकलाई स्वास्थ्य उपचारमा सहज पहुँच सुनिश्चित गर्ने जनाएको छ । विपन्न बिरामीले अस्पतालमा रहेको सामाजिक सेवा इकाइमार्फत सेवा लिन सक्छन् । उपचार सेवा लिन विपन्न भएको सिफारिस स्थानीय तहबाट बनाउनुपर्ने हुन्छ । सोही सिफारिसका आधारमा स्वास्थ्य संस्थाबाट विपन्न तथा असहाय नागरिकले स्वास्थ्य सेवा पाउने व्यवस्था गरिएको छ ।

### कार्यान्वयनमै प्रश्न

बालेन नेतृत्वको सरकारले स्वास्थ्य सेवालाई प्रविधिमार्फत पारदर्शी र पहुँचयोग्य बनाउन मन्त्रिपरिषद्को पहिलो बैठकबाट स्वीकृत १ सय बुँदे 'शासकीय सुधार कार्यसूची'मा स्वास्थ्य क्षेत्र सुधारका लागि ३० दिनभित्र 'फ्री हेल्थ पोर्टल' निर्माण गर्ने घोषणा गरेको थियो ।

काठमाडौं महानगरपालिकाको मेयर हुँदा बालेन शाहले विपन्न वर्गको निःशुल्क उपचारका लागि अस्पतालले १० प्रतिशत शय्या छुट्याउनुपर्ने नियमलाई कडाइका साथ कार्यान्वयन गराएका थिए । नियम पालना नगर्ने अस्पताल बन्द गर्ने चेतावनीसमेत उनले दिएका थिए । तर, आफ्नै नेतृत्वको सरकार बनेपछि पनि उक्त व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको देखिएको छ ।

सरकारको यो निर्णयप्रति भने निजी अस्पतालहरूको छाता संगठन एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन)ले आपत्ति जनाउँदै आएको छ । अफिनका अध्यक्ष डा.पदम खड्काले १० प्रतिशत शय्या निःशुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था स्पष्ट मापदण्डविना कार्यान्वयन गर्न नसकिने भन्दै आपत्ति जनाएका थिए ।

निःशुल्क स्वास्थ्य सेवाका लागि शय्या छुट्याउने व्यवस्था भए पनि लक्षित वर्गसम्म त्यसको सूचना र सेवा पुग्न नसक्दा ठुलो संख्यामा शय्या प्रयोगविहीन रहेको तथ्यले सरकारी नीतिको कार्यान्वयन र अस्पतालको जवाफदेहितामाथि प्रश्न उठाएको छ ।

## पुरानो...

महतका अनुसार देउवा बिहीबार मध्याह्न साढे १२ बजे थाई एयरबाट काठमाडौं अवतरण हुनेछन् ।

इतर समूहले शुक्रबारका लागि सुकेधारास्थित मिराकल पार्टी प्यालेसमा राष्ट्रिय भेला राखेको छ । भेलामा देउवाले सम्बोधन गर्ने तयारी छ । तीन दिनसम्म चल्ने भनिएको राष्ट्रिय भेलामा पाँच हजार नेता-कार्यकर्ताको उपस्थिति हुने अनुमान इतर समूहले गरेको छ ।

कांग्रेसमा निर्वाचन आयोग र सर्वोच्च अदालतले समेत विशेष महाधिवेशनलाई आधिकारिकता दिएको थियो । उक्त आदेशको अन्तिम परीक्षणका लागि सर्वाच्च गएको इतर समूहले पुनरावलोकनको निस्सा पाएसँगै देउवा समूहका नेताहरूले १४औं महाधिवेशनकै संरचना ब्युँतिएको सन्देश दिनेगरी राजनीतिक कार्यक्रमलाई तीव्र बनाएका हुन् ।

उता, विशेष महाधिवेशनबाट आएको गगन थापा नेतृत्वको संस्थापन कांग्रेसले १५औं महाधिवेशनको तयारीलाई तीव्र बनाएको छ । संस्थापनले महाधिवेशनको प्रक्रिया अघि बढाएको तीन महिना भइसकेको अवस्थामा इतर समूहले अदालतबाट अन्तिम परीक्षणको निस्सा पाएसँगै महाधिवेशनको प्रक्रिया रोक्न सक्रिय भएको छ । दुईपक्षीय समानान्तर राजनीतिक गतिविधिले कांग्रेस थप सकसमा परेको छ । संस्थापन पक्षले १५औं महाधिवेशनको प्रक्रिया अघि बढिसकेको र मंसिर १५ भित्र महाधिवेशन गर्न नसक्दा पार्टीकै वैधानिकता सकिने दावी गरेको छ । 'कांग्रेसको १५औं महाधिवेशन मंसिर १५भित्र गरिसक्नुपर्ने अनिवार्य वैधानिक व्यवस्था हो,' महामन्त्री प्रदीप पौडेलले भने, 'विशेष महाधिवेशनमा सहभागी नभएका नेताहरूसँग पार्टी भित्रको एकता कायम राख्न र समयमा महाधिवेशन सम्पन्न गर्नका लागि निरन्तर संवाद भइरहेको छ ।' तर इतर समूहका केही नेता एकता भाँड्ने काममा सक्रिय हुनु पार्टी र देश हितमा नहुने उनले बताए ।

इतर समूहले पूर्वमहामन्त्री डा.शशांक कोइरालाको संयोजकत्वमा राष्ट्रिय भेला आयोजक समिति बनाएपछि खड्का

# पत्रकार किशोर श्रेष्ठ पक्राउ

काठमाडौं/मस-पत्रकार किशोर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । उनलाई बुधबार राति ललितपुरस्थित निवासनजिकैबाट पक्राउ गरिएको हो ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार वैयक्तिक गोपनीयता हननसम्बन्धी कसुरको अनुसन्धानका लागि श्रेष्ठलाई पक्राउ गरिएको हो ।

एक सांसदको महिलासँगको तस्बिर सामाजिक सञ्जालमा सार्वजनिक गरेको विषयमा परेको उजुरीका आधारमा श्रेष्ठविरुद्ध अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ विपरीतको कसुर गरेको आरोपमा अनुसन्धानका लागि उनलाई पक्राउ गरिएको हो । श्रेष्ठलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय र काठमाडौं प्रहरी परिसरको संयुक्त टोलीले पक्राउ गरेको प्रहरीले जनाएको छ । उनीविरुद्ध काठमाडौं प्रहरी परिसरले अदालतबाट पक्राउ पुर्जीसमेत लिएको थियो ।पक्राउपछि श्रेष्ठलाई आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रियाका लागि प्रहरीको जिम्मामा राखिएको छ । प्रहरीले घटनासँग सम्बन्धित तथ्य र प्रमाण संकलन गरी अनुसन्धान अघि बढाइरहेको जनाएको छ । श्रेष्ठ जनआस्था साप्ताहिक तथा जनआस्था डटकमका सञ्चालक तथा सम्पादक हुन् । उनी प्रेस काउन्सिल नेपालका पूर्वकार्यवाहक अध्यक्षसमेत हुन् ।

---

उक्त कार्यक्रममा नजाने भएका थिए । पछिल्लोपटक देउवाले समेत कार्यक्रमलाई सम्बोधन गर्ने भएपछि खड्का २९ साउनको कार्यक्रममा सहभागी हुने भएका छन् । उक्त कार्यक्रममा डा.शेखर कोइरालाको समेत सहभागिता रहनेछ ।

उत्तर भेलामा देउवाको सहभागिताले कांग्रेसको राजनीतिमा विशेष अर्थ राख्छ । जेनजी आन्दोलनका क्रममा भएको सांघातिक आक्रमणमा परी घाइते भएका पूर्वसभापति देउवा १३ फागुनको राति सिंगापुर एयरलाइन्सको उडानबाट सिंगापुर गएका थिए । उनी ७ चैत २०८२ मा सिंगापुरबाट थप उपचारका लागि भन्दै हङकङ पुगेका थिए ।

अदालतले पुनरावलोकन भनिसकेपछि अदालतको निर्णय सबैले मानेर अघि बढ्नुपर्ने इतर समूहका नेता एनपी साउदले बताए । उनले मध्यान्हसँग भने, 'अदालतले पुनरावलोकन भनिसकेको छ । अब अदालतको निर्णय सबैले मान्नुपर्छ । अब अदालतको निर्णय आउनुभन्दा अगाडि हुने राजनीतिक सहमति भनेको १४औं महाधिवेशनमा सँगै थियौं । अहिले त्यही स्थानमा छौं भन्ने नै हो ।'

साउदको यो भनाइले विशेष महाधिवेशनका सबै निर्णय खारेज गर्दै १४औं महाधिवेशनकै संरचनामा फर्किएको सन्देश दिएको छ । 'अब १४ औं महाधिवेशनकै कार्यसमितिले १५औं महाधिवेशन गर्ने हो भने सहमति हुन सक्छ,' साउदले भने ।

## सामूहिक...

स्मरण गराउँदछौं ।' संघले वैदेशिक रोजगार व्यवसायलाई सम्मानित, मर्यादित, पारदर्शी, उत्तरदायी र व्यवस्थित पेसाका रूपमा स्थापित गर्ने उद्देश्यका साथ लामो समयदेखि नीतिगत सुधारका लागि बहस, पैरवी र सरोकारवाला पक्षसँग संवाद गर्दै आएको छ ।

महासचिव डाँगीले श्रम स्वीकृति र वैदेशिक रोजगारका अन्य प्रक्रियाबारे अनुगमनका लागि संघका तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलको संयोजकत्वमा घटक, जातीय तथा क्षेत्रीय संघसंस्थाका १०१ जना व्यवसायी राखेर अनुगमन समिति गठन गरिएको र आइतबारदेखि प्रभावकारी रूपमा अनुगमन गरिने बताए ।

संघको आन्दोलनलाई नेपाल स्वास्थ्य व्यवसायी महासंघ, नेपाल वैदेशिक रोजगार अभिमुखीरण व्यवसायी महासंघ, वैदेशिक रोजगार व्यवसायी संघ रूपन्देही, जनकपुर र कास्की, वैदेशिक रोजगार इथिकल ओरियन्टेसन राष्ट्रिय संघ, राष्ट्रिय अभिमुखीकरण तालिम संघ र वैदेशिक रोजगार अभिमुखीकरण तालिम महासंघलगायत विभिन्न संस्थाले ऐक्यबद्धता जनाएको तृतीय उपाध्यक्ष पौडेलले बताए ।

तृतीय उपाध्यक्ष पौडेलले अनुगमनका लागि सिंगो रिङ रोडलाई समेट्ने गरी १० वटा उपसमिति गठन गरेको जानकारी दिए । संघमा आबद्ध घटक संस्थाहरूले यसअघि नै सामूहिक ऐक्यबद्धता जनाइसकेका छन् ।

## लोकतान्त्रिक...

सल्लाहकार चयन गरेको छ । त्यसैगरी, कार्यसमितिको सोही बैठकले प्रेमबहादुर मगर, दीपककुमार देव, धर्मानन्द कोइराला (रबिन) र खडानन्द धिमिरेलाई कार्यसमिति सदस्यमा मनोनीत गरेको छ ।

नेपाली कांग्रेसका मूल्य, मान्यता र सिद्धान्तप्रति अडिग रहँदै संस्थाको उद्देश्य तथा कार्यसमितिलाई आवश्यक सल्लाह, सुझाव एवं मार्गदर्शन प्रदान गरी संस्थाको विधानमा उल्लेखित उद्देश्य प्राप्तिका लागि सल्लाहकार तथा सदस्यहरूबाट महत्वपूर्ण योगदान हुने अपेक्षा गरिएको महासचिव सुमनराज पाण्डेले बताए ।

एसोसिएसनले वैदेशिक रोजगार क्षेत्र सुधारका विभिन्न १५ बुँदे मागसहित नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा जारी आन्दोलन सफल बनाउन सक्रिय रहने पनि निर्णय गरेको छ ।

# चुनौतीपूर्ण बन्दै हात्ती व्यवस्थापन

मानवबस्ती र सहर हात्तीका पुराना करिडोरमा विस्तार हुँदा मानव-हात्ती द्वन्द्व बढेको हो । मानिसहरूले हात्तीलाई नलखेट्ने, नजिस्काउने र आगो नबाल्ने तथा जनचेतना फैलाउने हो भने यस्तो द्वन्द्व र क्षति कम गर्न सकिन्छ ।

**डा. नरेन्द्र प्रधान**
हात्तीविज्ञ

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २७ साउन

हात्तीलाई वनभोज ! सुन्दा अचम्म लाग्न सक्छ । तर, पर्यटकीय क्षेत्र चितवनमा १५औं विश्व हात्ती दिवसका अवसरमा हात्तीलाई मनपर्ने खानेकुरा खुवाएर वनभोज गराइएको छ । सरकारी तथा निजी गरी ६० वटा हात्ती सहभागी कार्यक्रममा भेली, चामलको खिर, पाउरोटी, उखु, गाजर, ड्रागन फ्रुट, केरा, फर्सी र खरबुजालगायत खानेकुरा राखिएको थियो ।

बाघमारा, चित्रसेन, जनकौली र कुमरोज मध्यवर्ती सामुदायिक वनको सहकार्यमा आयोजित कार्यक्रममा चितवन राष्ट्रिय निकुञ्जका वार्डेन दिलबहादुर पुर्जा पुनले हात्तीको कल्याणका लागि यस्ता कार्यक्रमले मानिस र हात्तीबीचको सम्बन्ध सुधार गर्न सहयोग पुग्ने बताए । उनका अनुसार हात्तीको उचित व्यवस्थापन र कल्याणका लागि निकुञ्जले विभिन्न काम गर्दै आएको छ ।

तर, हात्तीको कल्याण र व्यवस्थापनको प्रश्न कार्यक्रम आयोजनामै सीमित छैन । विशेषगरी उमेर पुगेका, बिरामी तथा काम गर्न नसक्ने हात्तीको दीर्घकालीन व्यवस्थापन अहिले चुनौतीका रूपमा देखिएको छ । हात्तीको किनबेच तथा ओसारपसारमा प्रतिबन्धसँगै त्यस्ता हात्तीलाई कहाँ र कसरी राख्ने भन्ने प्रश्न उठेपछि व्यवसायीले 'एलिफेन्ट सेन्चुरी' निर्माणको माग गरेका छन् ।

युनाइटेड हात्ती सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले उमेर पुगेका हात्तीको दीर्घकालीन व्यवस्थापनका लागि सरकारले आवश्यक स्थान उपलब्ध गराएर सेन्चुरी निर्माण गर्नुपर्ने बताए । उनका अनुसार हात्तीलाई लामो समयसम्म साङ्लोमा बाँधेर राख्ने वा निरन्तर काममा लगाउनेभन्दा प्राकृतिक वातावरणमा राख्ने व्यवस्था आवश्यक छ । 'हात्तीलाई प्राकृतिक वातावरणमा राखेर आराम, उपचार र आवश्यक आहारको व्यवस्था गर्न सकिने संरचना आवश्यक छ,' खतिवडाले भने, 'सरकारले त्यसका लागि उपयुक्त स्थान उपलब्ध गराउनुपर्छ ।'

सर्वोच्च अदालतले पनि बिरामी तथा वृद्ध हात्तीका लागि अवकाश तथा पुनःस्थापना केन्द्र स्थापना गर्न सरकारलाई निर्देशन दिएको छ । त्यस्ता केन्द्रमा पर्याप्त खुला स्थान, प्राकृतिक आहार, नियमित स्वास्थ्य परीक्षण तथा सामाजिक वातावरण सुनिश्चित गर्नुपर्ने अदालतको आदेशमा उल्लेख छ । चितवनको पर्यटन इतिहास हात्ती सफारीसँग जोडिएको छ । हात्ती सफारीले चितवनको पर्यटन विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पर्यटन व्यवसायी बताउँछन् । हाल चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत ५८ वटा हात्ती रहेकोमा सौराहामा मात्रै ४५ वटा छन् ।

युनाइटेड हात्ती सहकारी संस्थाका अध्यक्ष खतिवडाका अनुसार सौराहाको पर्यटन हात्तीबिना अधुरो छ । 'सौराहा भन्नेबित्तिकै मानिसको दिमागमा हात्ती आइहाल्छ,' उनले भने, 'हात्ती यहाँको पर्यटनको महत्त्वपूर्ण आधार हो ।'

तर, निजी हात्तीका लागि आवश्यक आहारको व्यवस्था गर्न समस्या भइरहेको उनको भनाइ छ । उनले निजी हात्तीका लागि निकुञ्जबाट घाँस उपलब्ध गराउने व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । नेपालमा एसियाली हात्ती मात्र पाइन्छ । नेपालमा करिब ४०० वटा जंगली हात्ती रहेको अनुमान छ भने करिब २०० वटा घरपालुवा हात्ती रहेको बताइन्छ ।

### करिडोर संरक्षणमा जोड

यस वर्षको विश्व हात्ती दिवसको मुख्य सन्देश 'सुरक्षित तथा वातावरणमैत्री करिडोर, सुरक्षित हात्ती' रहेको छ । हात्ती संरक्षणका लागि वन जोगाउनुका साथै एक जंगलबाट अर्को जंगल जोड्ने प्राकृतिक आवागमन मार्ग अर्थात् करिडोर सुरक्षित राख्नुपर्नेमा जोड दिइएको छ ।

जंगली हात्तीलाई ठुलो क्षेत्र आवश्यक पर्ने भएकाले उनीहरू एक स्थानबाट अर्को स्थानमा जाँदा परम्परागत बाटो र करिडोर प्रयोग गर्छन् । तर, वन क्षेत्रको खण्डीकरण, बस्ती तथा कृषि क्षेत्रको विस्तार र सडक निर्माणका कारण हात्तीका प्राकृतिक आवागमन मार्ग साँघुरिँदै गएका छन् । यसले मानव-हात्ती द्वन्द्वसमेत बढाउँदै लगेको छ ।

हात्ती संरक्षणका लागि नेपालले सन् २०२५ देखि २०३५ सम्मको १० वर्षे हात्ती संरक्षण कार्ययोजना अघि सारेको छ । कार्ययोजनाले हात्तीको वासस्थान तथा करिडोर संरक्षण, मानव-हात्ती द्वन्द्व न्यूनीकरण र स्थानीय समुदायको सहभागितामा आधारित संरक्षणलाई प्राथमिकता दिएको छ ।

हात्ती संरक्षित प्राणी भएकाले यसको संरक्षण आवश्यक डा.नरेन्द्र प्रधानले बताए । 'अहिले हात्ती संरक्षणमा मानव-हात्ती द्वन्द्व ठुलो समस्या बनेको छ,' उनी भन्छन् ' हात्ती हिँड्ने पुराना बाटो तथा करिडोरमा मानिसले बस्ती र सहर विस्तार गरेकाले द्वन्द्व हुने गरेको हो । हात्तीले आफ्नो प्राकृतिक बाटो र बानी सजिलै परिवर्तन गर्न सक्दैन ।'

'मानिसले हात्तीलाई नलखेट्ने, आगो नबाल्ने र नजिस्काउने हो भने मानव तथा हात्ती दुवैलाई हुने क्षति कम गर्न सकिन्छ । यसका लागि मानिसहरूमा हात्ती संरक्षणसम्बन्धी चेतना फैलाउनु आवश्यक छ,' उनले भने ।

वन्यजन्तु संरक्षण विज्ञहरूका अनुसार हात्तीका प्राकृतिक आवागमन मार्ग सुरक्षित राख्नु मानव-हात्ती द्वन्द्व घटाउने महत्त्वपूर्ण उपाय हो । वन क्षेत्रको खण्डीकरण र अव्यवस्थित पूर्वाधार विकासले हात्तीको आवागमनमा बाधा पुऱ्याउँदा द्वन्द्व बढ्न सक्ने उनीहरूको भनाइ छ ।

### हात्ती सफारीको विकल्प खोज्न आदेश

हात्तीको कल्याण र संरक्षणको चर्चा भइरहेका बेला पर्यटक बोकेर जंगल घुमाउने हात्ती सफारीको अभ्यासमाथि पनि प्रश्न उठेको छ । सर्वोच्च अदालतले पर्यटक आकर्षित गर्ने नाममा हात्तीमाथि चढाएर गरिने सफारीको विकल्प खोज्न सरकारलाई निर्देशन दिएको छ ।

जनहित संरक्षण मञ्चका तर्फबाट अधिवक्ता सञ्जय अधिकारीलगायतले २०७८ भदौ २९ गते हात्तीमाथि हुने यातना रोक्न, अवैध खरिद-बिक्री तथा ओसारपसार नियन्त्रण गर्न, साङ्लोमा बाँध्ने प्रचलन अन्त्य गर्न र पर्यटनमा हात्ती चढाउने व्यवस्था बन्द गर्न माग गर्दै रिट दायर गरेका थिए । सो रिटमाथि सर्वोच्चले गरेको फैसलाको पूर्णपाठ केही समयअघि सार्वजनिक भएको हो ।

सर्वोच्चले हात्ती संवेदनशील तथा उच्च बौद्धिक क्षमता भएको वन्यजन्तु भएकाले मनोरञ्जन र व्यावसायिक प्रयोजनका लागि मात्र प्रयोग गर्न नहुने ठहर गरेको छ । लामो समयसम्म मानिस बोकाउने, निरन्तर श्रममा लगाउने र साङ्लोमा बाँधेर राख्ने कार्यले हात्तीको शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पार्ने अदालतको निष्कर्ष छ । अदालतले सुरक्षित दूरीबाट हात्ती अवलोकन गर्न सकिने 'अब्जर्भेसन-ओन्ली', 'एलिफेन्ट-फ्रेन्डली वाक' तथा 'बुस वाक'जस्ता संरक्षणमुखी पर्यटन गतिविधि विकास गर्न सरकारलाई निर्देशन दिएको छ । साथै, बिरामी तथा वृद्ध हात्तीको उपचार, आराम र पुनःस्थापनाको व्यवस्था गर्न तथा निजी र घरपालुवा हात्तीको अनिवार्य दर्ता र अभिलेखीकरण गर्न पनि आदेश दिएको छ ।

सर्वोच्चको आदेशसँगै चितवन, बर्दिया र बाँकेलगायत क्षेत्रमा हुँदै आएको हात्तीमा आधारित पर्यटनलाई पुनरावलोकन गर्नुपर्ने अवस्था आएको छ । अब हात्तीलाई मनोरञ्जनको साधनका रूपमा मात्र प्रयोग गर्नेभन्दा प्राकृतिक जीवन, पशुकल्याण र संरक्षणलाई केन्द्रमा राखेर पर्यटन तथा व्यवस्थापन प्रणाली विकास गर्नुपर्ने चुनौती देखिएको छ ।

त्यसका लागि हात्तीका करिडोर संरक्षण, मानव-हात्ती द्वन्द्व न्यूनीकरण, स्थानीय समुदायको सहभागिता तथा वृद्ध र बिरामी हात्तीका लागि सुरक्षित पुनःस्थापना केन्द्र निर्माणलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । दीर्घकालीन व्यवस्थापनका लागि 'एलिफेन्ट सेन्चुरी' निर्माण गर्न सके हात्तीको कल्याण र संरक्षण दुवैलाई प्रभावकारी रूपमा अघि बढाउन सकिने संरक्षणकर्मीको भनाइ छ ।

# सरकारी कार्यालयमा निवेदनको ढाँचा अब एउटै हुने

**काठमाडौं/मस–** सरकारले देशभरका सरकारी कार्यालयमा सेवाग्राहीले पेश गर्ने निवेदनको ढाँचामा एकरूपता कायम गर्ने भएको छ । सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज र सूचना प्रविधिमैत्री बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नयाँ मार्गदर्शन स्वीकृत गरी कार्यान्वयनका लागि सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले 'सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा तथा सोको कार्यान्वयन मार्गदर्शन, २०८३' स्वीकृत गरेको हो । मार्गदर्शन कार्यान्वयनमा आएसँगै सरकारी कार्यालयअनुसार फरक-फरक ढाँचामा निवेदन लेख्नुपर्ने र सेवाग्राही अन्योलमा पर्ने अवस्थाको अन्त्य हुने अपेक्षा गरिएको छ । मार्गदर्शनले विभिन्न सरकारी निकायमा सेवा लिन पेश गरिने निवेदनको ढाँचालाई निश्चित र एकरूप बनाउने व्यवस्था गरेको छ । यसबाट नागरिकले कुन कार्यालयमा कस्तो ढाँचामा निवेदन दिने भन्ने विषयमा हुने अन्योल हट्ने तथा सेवा प्राप्त गर्ने प्रक्रिया थप सहज हुने सरकारको विश्वास छ ।

नयाँ व्यवस्थाले परम्परागत कागजमा आधारित निवेदन प्रणालीलाई क्रमशः डिजिटल माध्यममा समेत रूपान्तरण गर्ने आधार तयार गर्नेछ । निवेदनका ढाँचाहरू डिजिटल रूपमा समेत उपलब्ध हुने भएकाले आगामी दिनमा सरकारी सेवा अनलाइन तथा मोबाइल एपमार्फत उपलब्ध गराउन थप सहज हुने अपेक्षा गरिएको छ ।

सरकारका अनुसार यस व्यवस्थाले सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाउनुका साथै डिजिटल नेपालको अवधारणालाई समेत थप बल पुऱ्याउनेछ । सेवाग्राहीले निवेदन तयार गर्न वा भर्न कार्यालय परिसरमा अनावश्यक रूपमा अरूको सहयोग लिनुपर्ने अवस्था घट्ने र निवेदन लेखिदिने नाममा हुने अनधिकृत सेवा सहजीकरणलाई समेत निरुत्साहित गर्ने उद्देश्य सरकारको छ ।

सरकारी कार्यालयमा सेवा लिन आउने नागरिकलाई निवेदनकै प्रक्रियामा हुने झन्झट कम गर्ने र सेवा प्रवाहमा पारदर्शिता बढाउने लक्ष्यसहित मार्गदर्शन ल्याइएको हो । मार्गदर्शनको प्रभावकारी कार्यान्वयनको मुख्य जिम्मेवारी सम्बन्धित सरकारी कार्यालयका प्रमुखलाई तोकिएको छ । कार्यालय प्रमुखले आफ्नो कार्यालयबाट प्रदान हुने सेवामा निर्धारित निवेदनको ढाँचा प्रयोग भए-नभएको सुनिश्चित गर्नुपर्नेछ । नयाँ व्यवस्थाको पूर्ण कार्यान्वयनसँगै सरकारी सेवा लिन नागरिकले कार्यालयपिच्छे फरक ढाँचामा निवेदन तयार गर्नुपर्ने बाध्यता हट्ने र सार्वजनिक सेवा प्रवाह थप व्यवस्थित, सहज तथा प्रविधिमैत्री बन्ने अपेक्षा गरिएको छ ।

# 'खरिद प्रक्रियामा कुनै अनियमितता भएको छैन'

**काठमाडौं/मस–** प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले नेपाल प्रहरीको खरिद प्रक्रियामा कुनै पनि किसिमको आर्थिक अनियमितता वा भ्रष्टाचार नभएको स्पष्ट पारेका छन् ।

बुधबार संघीय संसद्को सार्वजनिक लेखा समितिको बैठकमा बोल्दै उनले खरिद प्रक्रियामा राज्यकोषको कुनै पनि रकम खर्च नभएकाले भ्रष्टाचारको वस्तुगत आधार नै विद्यमान नरहेको दाबी गरेका हुन् । महानिरीक्षक कार्कीले सार्वजनिक खरिद ऐन र बोलपत्र कागजातमा उल्लेखित शर्त बमोजिम नै खरिद प्रक्रिया रद्द गरिएको जानकारी दिए । उनका अनुसार उक्त प्रक्रियामा कुनै पनि फर्मसँग सम्झौता (कन्ट्र्याक्ट एग्रिमेण्ट) नभएको, पेस्की वा भुक्तानी (फाइनान्सियल डिस्बर्समेण्ट) नगरिएको र मालसामान समेत दाखिला नभएकाले अनियमितताको प्रश्नै नउठ्ने जिकिर गरे ।

खरिद प्रक्रियाप्रति असन्तुष्टि भएमा सार्वजनिक खरिद पुनरावलोकन समिति वा अदालतमा उजुरी दिने कानूनी बाटो हुँदाहुँदै पनि गलत मनसायले बेनामी उजुरी दिने प्रवृत्ति बढेकोमा उनले चिन्ता व्यक्त गरे । भृकुटीमण्डपस्थित 'ब्लु प्याभिलियन' को विषयमा स्पष्ट पार्दै महानिरीक्षक कार्कीले अमर प्रहरीका आश्रित परिवारले उत्पादन गरेका सामान बिक्री गर्ने स्टल सञ्चालन गर्ने असल मनसायले आफूले सार्वजनिक मन्तव्य मात्र दिएको बताए । सो विषयमा कुनै संरचना निर्माण नभएको र कसैसँग कुनै सरसल्लाह वा सम्झौता समेत नभएको अवस्थामा गृह मन्त्रालय लगायतका निकायमा बेनामी उजुरीको ओइरो लागेको उनको भनाइ छ ।

महानिरीक्षक कार्कीले प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीका आधारमा हुने खरिद प्रक्रियामा बारम्बार प्रश्न उठ्ने गरेको उल्लेख गर्दै खरिद कार्यका लागि छुट्टै विशिष्टीकृत निकाय वा विभाग भए कार्यसम्पादनमा सहज हुने सुझाव समेत दिए । हाल खरिद प्रक्रियाका सम्बन्धमा सार्वजनिक खरिद ऐनको संशोधित व्यवस्था अनुसार प्राविधिक स्पेसिफिकेसन परिमार्जन गर्ने कार्य भइरहेको र नयाँ आर्थिक वर्षमा नियमानुसार पुनः खरिद प्रक्रिया अगाडि बढाइने उनले जानकारी दिए । मुद्दा अदालतमा विचाराधीन रहेकाले त्यसको अन्तिम निरूपणपछि थप प्रक्रिया अघि बढ्ने उनले प्रष्ट पारेका छन् ।

# कोशी प्रदेश सरकारबाट कांग्रेस बाहिरियो, पाँचै मन्त्रीले दिए राजीनामा

**तेज बने/मध्यान्ह**
इटहरी, २७ साउन

कोशी प्रदेश सरकारबाट नेपाली कांग्रेस बाहिरिएको छ । मुख्यमन्त्री फेरबदल गर्ने कसरत चलिरहेका बेला कांग्रेसका पाँचै मन्त्रीले बुधबार सामूहिक राजीनामा बुझाउँदै सरकारबाट बाहिरिएका हुन् । कांग्रेस नेता उद्धव थापाका अनुसार भौतिक पूर्वाधार विकासमन्त्री प्रदीप सुनुवार, उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरी, पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुली, स्वास्थ्यमन्त्री मानबहादुर लिम्बू र भौतिक पूर्वाधार विकास राज्यमन्त्री शोभा चेम्जोङले मुख्यमन्त्री हिक्मतकुमार कार्कीसमक्ष सामूहिक राजीनामा बुझाएका छन् ।

नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच नयाँ सत्ता समीकरण बनाएर सरकार गठन गर्ने अन्तिम तयारी भइरहेका बेला कांग्रेसले असन्तुष्टि जनाउँदै सरकारबाट बाहिरिने निर्णय गरेको हो । कांग्रेस र एमालेबीच २०८१ भदौ २८ गते भएको राजनीतिक सहमतिका आधारमा कोशी प्रदेशमा संयुक्त सरकार गठन भएको थियो । सोही सहमतिअनुसार २०८२ पुस २२ गते मन्त्रिपरिषद् पुनर्गठन गर्दा कांग्रेसका नेताहरू मन्त्रीमा नियुक्त भएका थिए ।

पछिल्लो समय केन्द्र तथा प्रदेशमा विकसित नयाँ राजनीतिक समीकरणअनुसार एमाले र नेकपाले कोशी प्रदेशमा नयाँ सरकार गठनको तयारी अघि बढाएका छन् । आगामी शुक्रबारसम्म नयाँ मन्त्रिपरिषद् गठन गर्ने तयारी भइरहेको बताइएको छ । कांग्रेसका मन्त्रीहरूले राजीनामा दिएसँगै कोशी प्रदेश सरकारमा नयाँ सत्ता समीकरणका लागि बाटो थप सहज भएको छ । अब एमाले र नेकपाबीचको सहमतिअनुसार नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्ने देखिएको छ ।

## साउदीका जेलमा ९११ नेपाली

# ९१ प्रतिशत लागुऔषध र मदिरा मुद्दामा

**अन्जान गुभाजु/मध्यान्ह**
काठमाडौं, २७ साउन

वैदेशिक रोजगारीका क्रममा साउदी अरब पुगेका ९११ जना नेपाली नागरिक विभिन्न कानुनी मुद्दामा परी त्यहाँका जेलमा पुगेका छन् । साउदीस्थित नेपाली राजदूतावास रियादले सार्वजनिक गरेको ११ अगस्ट २०२६ सम्मको तथ्यांकअनुसार जेल पर्नेमा अधिकांश नेपाली लागूऔषध र मदिरासम्बन्धी कसुरमा संलग्न रहेका छन् । दूतावासका अनुसार जेलमा रहेका ९११ मध्ये ४९९ जनाको मुद्दामा अदालतबाट फैसला भइसकेको छ भने ४१२ जनाको मुद्दा अझै न्यायिक प्रक्रियामै छ । क्षेत्रगत रूपमा हेर्दा साउदीको पूर्वी क्षेत्रमा ३७७, केन्द्रीय क्षेत्रमा ३३४ र अन्य क्षेत्रका जेलहरूमा २०० जना नेपाली बन्दी जीवन बिताइरहेका छन् । सबैभन्दा धेरै लागूऔषध र मदिराको जालोमा साउदीमा जेल पर्ने नेपालीको मुख्य कारण लागूऔषध र मदिरा बनेको छ । कुल बन्दीमध्ये ९१.६ प्रतिशत अर्थात ८३५ जना नेपाली लागूऔषध तथा मदिराको ओसारपसार, उत्पादन, खरिद-बिक्री तथा गैरकानुनी कारोबारसम्बन्धी मुद्दामा थुनामा परेका हुन् ।

साउदी अरबमा लागूऔषध र मदिरासम्बन्धी अपराधलाई अत्यन्त गम्भीर मानिन्छ । अपराधको प्रकृति र प्रमाणका आधारमा यहाँ कडा कारावास, ठूलो धनराशी जरिवानादेखि मृत्युदण्डसम्मको कानुनी सजाय हुने व्यवस्था छ । फैसला भइसकेका ४९९ जनाको हकमा पनि अपराधको प्रकृति हेरी छोटो अवधिको थुनादेखि कडा कारावास र भारी जरिवाना तोकिएको छ ।

### नजानी फस्दै नेपाली

साउदीमा कार्यरत तथा नयाँ जाने नेपालीलाई त्यहाँको स्थानीय कानुनको पूर्ण पालना गर्न नेपाली राजदूतावासले विशेष आग्रह गरेको छ । कतिपय नेपाली अरूले दिएको सामान वा पार्सलमा के छ भन्ने जानकारी नभई बोकिदिँदा अञ्जानमै कानुनी फन्दामा पर्ने गरेको दूतावासको भनाइ छ ।

श्रम काउन्सिलर कविराज उप्रेतीले बढी कमाई हुने लोभ वा अञ्जानमा कसैको प्रलोभनमा नपर्न चेतावनी दिएका छन् । 'अपरिचित व्यक्तिको आग्रहमा पार्सल बोक्ने वा आफूलाई जानकारी नभएको सामान एक ठाउँबाट अर्को ठाउँ पुऱ्याउने कामले गम्भीर कानुनी संकट निम्त्याउन सक्छ,' उप्रेतीले भने । दूतावासले विशेष गरी लागूऔषध, मदिरा तथा अन्य प्रतिबन्धित वस्तुको उत्पादन, खरिद-बिक्री वा ओसार पसारबाट पूर्ण रूपमा टाढा रहन सचेत गराएको छ । साउदी प्रवेश गर्दा नै कानुनबारे पर्याप्त जानकारी लिन र प्रतिबन्धित वस्तु नल्याउन समेत परामर्श दिइएको छ ।

हाल साउदीमा करिब चार लाख नेपाली कार्यरत रहेको अनुमान छ । सो अनुपातमा ९११ जना जेलमा हुनुलाई नेपाली समुदायका लागि गम्भीर चेतावनीका रूपमा हेरिएको छ । यस तथ्यांकले वैदेशिक रोजगारीमा जानुअघि नै गन्तव्य देशको कानुनी प्रावधान, प्रतिबन्धित वस्तु र गैरकानुनी गतिविधिको जोखिमबारे श्रमिकलाई अभिमुखीकरण गराउनुपर्ने टड्कारो आवश्यकता औंल्याएको छ ।

# रौतहटमा जिप चालकलाई अपहरण शैलीमा नियन्त्रण, मरणासन्न हुने गरी कुटपिट

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २७ साउन

रौतहटमा जिप चालकलाई बाटोमै जबरजस्ती रोकेर अपहरण शैलीमा घरमा लगेर मरणासन्न हुने गरी कुटपिट गरिएको घटना सार्वजनिक भएको छ । घटनामा संलग्न रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ भने अर्का आरोपीको खोजी भइरहेको छ ।

सोमबार राति करिब पौने ९ बजे गौरबाट दुर्गा भगवती गाउँपालिकातर्फ जाँदै गरेको बीआर ०६ पीई २१२१ नम्बरको जिपलाई राजदेवी नगरपालिका-२ हजमिनिया गाउँमा जबर्जस्ती रोकिएको प्रहरीले जनाएको छ ।

दुर्गा भगवती गाउँपालिका-३ का २५ वर्षीय जिप चालक अरविन्द पण्डित पाहुना लिएर गन्तव्यतर्फ जाँदै गर्दा गौर नगरपालिका-९ का साहेब सिंह भनिने राजवंश सिंह र उनका छोरा आयुष सिंहले गाडी रोक्न दबाब दिएको आरोप छ । गाडी नरोके पेट्रोल छर्केर आगो लगाइदिने धम्की दिएपछि चालक पण्डितले गाडी रोकेको बताइएको छ ।

त्यसपछि बाबुछोराले चालक पण्डितलाई जबर्जस्ती नियन्त्रणमा लिएर गौर नगरपालिका-९ सिर्सियास्थित घरमा लगेको र त्यहाँ बाँधेर अम्बाको लौरोले कुटपिट गरेको पीडित पक्षले जनाएको छ ।

कुटपिटबाट गम्भीर घाइते भएका पण्डितबारे स्थानीयवासीले प्रहरीलाई खबर गरेपछि प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरीले उनको उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल गौरमा भर्ना गराएको जनाएको छ । घटनामा संलग्न रहेको आरोपमा प्रहरीले बुधबार बिहान राजवंश सिंहलाई नियन्त्रणमा लिएको छ । उनका छोरा आयुष सिंह भने फरार रहेको र उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहट स्रोतले जनाएको छ । प्रारम्भिक अनुसन्धानका क्रममा गौर-गंगापिपरा सडकखण्डअन्तर्गत सिर्सिया क्षेत्रमा सडकमा रहेको कुकुर जिपले किचेर मरेको विषयलाई लिएर चालक पण्डितलाई निशाना बनाइएको खुलेको प्रहरीले जनाएको छ ।

**नामथर र जन्ममिति फरक परेको सूचना**

**जिल्ला प्रशासन कार्यालय, नवलपरासी कावासोतीको पत्र संख्या २०७२/०७३, च.न. ५०६६ र मिति २०७३/०१/०२ गतेको प्रमाणित सम्बन्धी सूचना अनुसार जिल्ला नवलपरासी, देवचुली नगरपालिका वडा नं. १३ बस्ने भारतीय भू.पू. सैनिक नं. ५०४३३२१ A का पेन्सनर हेम बहादुर रानाको नेपाली नागरिकतामा हेम बहादुर राना (जन्ममिति वि.सं. २०२२।११।१५) र पत्नीको नाम, थर मोती माया राना (जन्ममिति वि.सं. २०२५।१०।१३) र पेन्सन पट्टामा पेन्सनर हेम बहादुर थापा (जन्ममिति सन् १९६६।०३।०१) र पत्नीको नाम, थर मोती माया थापा (जन्ममिति सन् १९६९।०१।२६) भई नाम, थर र जन्ममिति फरक-फरक भए तापनि व्यक्ति एउटै- एउटै भएको व्योहोरा देवचुली नवलपरासीको च.नं. ६४९३ र मिति २०८२/१२/१२ को पत्रानुसारसमेत प्रमाणित भई आएकाले उक्त व्योहोरा भारतीय पेन्सन प्रयोजनको लागि प्रमाणित गरिएको छ ।**

हेम बहादुर राना | मोती माया राना

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## सम्पादकीय

# संसद्को गरिमा जोगाऊँ

**गत वर्षको जेनजी आन्दोलनले नेपालको राजनीतिमा परिवर्तनको ठुलो अपेक्षा जन्मायो । पुराना राजनीतिक दल र तिनको कार्यशैलीप्रति असन्तुष्टि बढ्दै गएपछि नागरिकले नयाँ राजनीतिक संस्कार, जवाफदेहिता र सुशासनको खोजी गरे । त्यही अपेक्षाको जगमा राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभामा झन्डै दुईतिहाइ बहुमत प्राप्त गऱ्यो । यसको अर्थ स्पष्ट थियो- अब सरकार र संसद् दुवैले विगतभन्दा फरक व्यवहार देखाउनुपर्छ । तर, संसद्का पछिल्ला घटनाक्रमले भने पुरानै रोग नयाँ अनुहारमा पनि दोहोरिन थालेको संकेत गरेको छ ।**

**गणपूरक संख्या नपुगेपछि मंगलबार प्रतिनिधिसभाको बैठक स्थगित हुन पुगेको छ । विधेयकमाथिको प्रक्रिया अघि बढाउन आवश्यक न्यूनतम ६९ सांसद उपस्थित हुनुपर्नेमा ६१ जना मात्र उपस्थित भए । संसद्को घण्टी बजाउँदासमेत आवश्यक संख्या नपुगेपछि बैठक स्थगित भयो । संसद्मा सत्तारूढ दलकै झन्डै दुईतिहाइ बहुमत भएको अवस्थामा यस्तो अवस्था आउनुले सांसदहरूको जिम्मेवारीमाथि नै प्रश्न उठाएको छ ।**

**सांसद पद सुविधा उपभोग गर्ने अवसर नभई जनताको विश्वास हो । जनताले पाँच वर्षका लागि आफ्ना प्रतिनिधि संसद्मा पठाएका हुन् । उनीहरूको जिम्मेवारी बैठकमा उपस्थित हुने मात्र होइन, विधेयक अध्ययन गर्ने, जनताका समस्या उठाउने, सरकारलाई प्रश्न गर्ने र कानुन निर्माणमा सक्रिय भूमिका खेल्ने हो । महत्त्वपूर्ण विधेयक अघि बढाउने बेलामा नै सांसद अनुपस्थित हुन्छन् भने संसद्को प्रभावकारितामाथि प्रश्न उठ्नु स्वाभाविकै हो । यसमा सत्तापक्षको जिम्मेवारी अझ बढी हुन्छ । सरकारले संसद्लाई पर्याप्त काम दिनुपर्छ भने सत्तारूढ दलले आफ्ना सांसदलाई आवश्यक समयमा उपस्थित गराउनुपर्छ । आफ्नै सरकारले ल्याएको विधेयक अघि बढाउन नसक्ने अवस्था राजनीतिक व्यवस्थापनको कमजोरी हो । त्यसअर्थमा पनि प्रधानमन्त्री र संसदीय नेतृत्वले यसलाई गम्भीर रूपमा लिनुपर्छ ।**

**प्रतिपक्ष पनि जिम्मेवारीबाट उम्किन मिल्दैन । सरकारका प्रस्ताव गलत छन् भने संसद्मै उपस्थित भएर विरोध, संशोधन र बहस गर्नुपर्छ । बैठकमै नबस्ने र बाहिरबाट मात्र सरकारलाई प्रश्न गर्ने प्रवृत्तिले संसदीय लोकतन्त्र बलियो बनाउँदैन । यसमा सभामुखको भूमिका सबैभन्दा महत्त्वपूर्ण छ । संसद् लामो समय चलाएर उपलब्धि ठान्ने कि प्रभावकारी बनाउने ? स्पष्ट कार्यसूची, पर्याप्त तयारी र सांसदको अनिवार्य उपस्थितिको वातावरण बनाउनेतर्फ नै सभामुख, सत्ता र प्रतिपक्ष दलको भूमिका हुनुपर्छ । नयाँ संसद्ले पुरानो बेथितिको अनुकरण गर्नुहुँदैन । बरू नयाँ एवं असल संसदीय संस्कृति स्थापित गर्नुपर्छ । किनभने, नागरिकले परिवर्तन खोजेर नयाँ शक्ति रोजेका हुन् । पाँच महिना नपुग्दै संसद्प्रति निराशा बढ्ने अवस्था आउन दिनुहुँदैन । त्यसैले संसद्लाई मर्यादित, परिपक्व र जनताका विषय उठ्ने थलो बनाउनु सबै दल र सांसदको साझा जिम्मेवारी हो ।**

# गुप्तचरको प्राचीन र आधुनिक अवधारणा

गुप्तचरका प्रमुख कार्यका विषयमा पनि प्राचीन धर्मशास्त्र र आधुनिक कानुनमा समानता रहेको पाइन्छ । प्राचीन धर्मशास्त्रले पनि गुप्तचरलाई राज्यको एउटा महत्त्वपूर्ण पक्षका रूपमा लिएको छ भने आधुनिक वैश्विक परिवेशमा त गुप्तचरको भूमिकालाई अपरिहार्य मान्न सकिन्छ ।

अग्रलेख

● डा.सिताराम खतिवडा

प्राचीन हिन्दु राज्यव्यवस्थामा गुप्तचर ज्यादै महत्त्वपूर्ण मानिन्थे । राजाले शत्रु राज्यका विषयमा यथार्थ सूचना गुप्तचरका माध्यमबाट पाउँथे । प्राचीन धर्मशास्त्रको मनुस्मृतिमा गुप्तचर कुनै साधारण जासुस मात्र नभएर राजाको अदृश्य आँखा र राज्यको रक्षाको मुख्य कवच मानिएको छ । जुन राजाले प्रजाको रेखदेख गर्दछन् तिनले चोरहरूमाथि आँखा लगाउनुपर्दछ ।

कौटिल्यले पनि राज्य सञ्चालनका सन्दर्भमा गुप्तचर व्यवस्थालाई विशेष महत्त्व दिएका छन् । कौटिल्यका अनुसार गुप्तचर व्यवस्था राज्य सञ्चालनका लागि ज्यादै उपयोगी संगठन हो । त्यसैले उनले अर्थशास्त्रमा गुप्तचर व्यवस्थाको विस्तृत विवेचना गरेका छन् ।

प्राचीनकालमा राजकीय कर्मचारीको भ्रष्टाचार पत्ता लगाउन पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । मुद्दाको विषयमा तथ्य पत्ता लगाउन पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । जनताको अभिमतको जानकारीका निम्ति पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । जनतामा विद्रोह अथवा असन्तोषको भावना छ छैन पत्ता लगाउन पनि गुप्तचरको प्रयोग गरिन्थ्यो । शत्रु राज्यको गतिविधि पत्ता लगाउन पनि गुप्तचरको उपयोग गरिन्थ्यो । राजा र जनताका बीचमा अन्योलताको खाडल नरहोस् भन्नेमा चिन्तकहरू सचेत भएका कारण विशेष रूपमा गुप्तचरको व्यवस्था गरिएको पाइन्छ ।

मनुका अनुसार सुशिक्षा दण्डको अधीनमा रहन्छ अर्थात् दण्डको भयले नै मान्छेहरू राम्रो कर्म गर्दछन् । अतः राजाले दण्ड दिने अभिभारा कुनै योग्य मन्त्रीलाई सुम्पिदिनु पर्दछ । राज्यकोष तथा राजाको रक्षाको काम आफैँसँग राख्नुपर्दछ । विदेश विभाग, मित्र राष्ट्रहरूसँग सन्धिविग्रह आदि विषय दूत वा गुप्तचरहरूलाई जिम्मा दिनुपर्छ ।

यस्तो व्यक्तिलाई आफ्नो दूत वा गुप्तचरमा नियुक्त गर्नुपर्छ जो सबै शास्त्रहरूको ज्ञाता, अरूको मुखमुद्राहरू, चेष्टा तथा संकेतबाट तिनीहरूको आन्तरिक भावना बुझ्न कुशल छन्, जो पवित्र अन्तःकरण भएका तथा राम्रो कुलका व्यक्तिहरू दूत वा गुप्तचरका लागि योग्य मानिएका छन् ।

ब्राह्मण, क्षत्रीय, वैश्य, शूद्र, किराँत आदि सबै वर्ण, जाति, पेसा र लिंगका व्यक्तिलाई गुप्तचरका रूपमा नियुक्त गर्नु पर्छ भन्ने कौटिल्यको विचार थियो । उनले गुप्तचर सेवा कुनै एक वर्ण वा वर्गमा सीमित गरेका थिएनन् ।

कौटिल्यले राजालाई विभिन्न प्रकारका गुप्तचरको नियुक्ति गर्ने सल्लाह दिएका छन् । उनले स्थायी र भ्रमणशील गरी दुई प्रकारका गुप्तचरको चर्चा गरेका छन् । एक ठाउँमा बस्ने स्थायी र भ्रमण गरिरहने भ्रमणशील गुप्तचर मानिन्थे ।

**गुप्तचरका कार्य**

गुप्तचरका प्रमुख क्षमताका विषयमा मनुले भनेका छन्- १. मन्त्रीहरू तथा अधिकारीहरूमाथि नजर राख्नु, २. शत्रुहरूको छिद्र (कमजोरी)हरू जान्नु ।

कौटिल्यका अनुसार, राज्यभित्र भइरहेका र भविष्यमा हुनसक्ने सबै गतिविधिको सूचना राजालाई दिनु गुप्तचरको महत्त्वपूर्ण काम हो भन्ने कौटिल्यको विचार छ । उनको समयमा राज्यमा प्रजाको अभिमत राजासम्म पुऱ्याउने अन्य कुनै आमसञ्चारका माध्यमको विकास भएको थिएन ।

त्यसैले उनले जनताको चाहनाअनुसार शासन सञ्चालन गरी राजाप्रति जनतामा द्वेषको भावना उत्पन्न हुन दिन गुप्तचरको माध्यमबाट जनताको अभिमतको यथार्थ सूचना राजाका निम्ति आवश्यक मानेका हुन् ।

कर्मचारीका आचरण र व्यवहारको सूचना राजालाई दिने काम पनि गुप्तचरको हो । कुनै व्यक्तिलाई राज्यको महत्त्वपूर्ण पदमा नियुक्ति गर्नुभन्दा पहिले ती व्यक्तिको योग्यता र चरित्रको परीक्षणका लागि पनि राजाले गुप्तचरको प्रयोग गर्नुपर्ने उनको मान्यता छ । राज्यका सबै तहका कर्मचारी दुर्व्यसनबाट मुक्त हुँदैनन् । खराब आचरण भएका अधिकारीबाट जनता पीडित हुने सम्भावना रहन्छ । साथै राज्यका निम्ति पनि उनीहरूबाट खतरा हुन सक्छ । त्यसैले गोप्य रूपमा अधिकारीहरूको आचरणको सूचना प्राप्त गरी राज्यमा भ्रष्टाचारको नियन्त्रणका निम्ति पनि राजाले गुप्तचरको उपयोग गर्नुपर्ने पक्षमा उनी छन् ।

एआई

राज्यभित्र चोर, व्यभिचारी तथा अन्य अपराधीका सम्बन्धमा राजालाई सूचना दिनु गुप्तचरको काम मानिन्थ्यो । कौटिल्यका अनुसार अपराधको तथ्य पत्ता लगाई न्याय सम्पादनमा राजालाई सूचना दिनु गुप्तचरको काम हो ।

कौटिल्यले राज्यको सुरक्षालाई ज्यादै महत्त्व दिएका छन् । राज्यको सुरक्षाका निम्ति अन्य राज्यहरूका गतिविधिको सूचना आवश्यक पर्ने हुँदा विदेशमा गएर सूचना संकलन गर्ने काममा पनि गुप्तचर नियुक्त गर्नुपर्ने कौटिल्यको विचार छ । युद्धका समयमा शत्रु पक्षका गोप्य सूचना प्राप्त गर्न पनि गुप्तचरको उपयोग गर्नुपर्छ भन्ने उनको अभिमत छ ।

आधुनिक नेपाली कानुनमा गुप्तचरसम्बन्धी व्यवस्था मुख्य रूपमा नेपालको संविधान, विद्यमान नेपाल विशेष सेवा ऐन, २०४२ र हाल संसद्मा प्रक्रियामा रहेको नयाँ राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धान विधेयकमार्फत निर्देशित छ । नेपालको एक मात्र मुख्य कानुनी गुप्तचर निकाय राष्ट्रिय अनुसन्धान विभाग (राअवि) हो ।

नेपालको संविधानको भाग २८, धारा २६८मा राष्ट्रिय अनुसन्धान विभागसम्बन्धी व्यवस्था गरिएको छ । संविधानले गुप्तचर निकायको गठन र अन्य व्यवस्थाहरू संघीय कानुनबमोजिम हुने स्पष्ट पारेको छ । विगतमा गृह मन्त्रालयअन्तर्गत रहने राष्ट्रिय अनुसन्धान विभागलाई हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राखिएको छ । गुप्तचर सेवालाई नीतिगत निर्देशन दिन प्रधानमन्त्रीको अध्यक्षतामा केन्द्रीय निर्देशन समिति रहने कानुनी व्यवस्था छ ।

मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा र अखण्डतामा आँच पुऱ्याउने गतिविधिविरुद्ध गोप्य सूचना संकलन गर्नु यसको मुख्य कार्य हो । पुराना कानुनहरू देशभित्र मात्र सीमित रहेकाले नयाँ प्रस्तावित कानुनमा मुलुकबाहिर समेत गोप्य अभियान सञ्चालन गर्ने र विदेशी सूत्र परिचालन गर्ने अधिकार प्रस्ताव गरिएको छ । बाह्य राष्ट्र वा विदेशी निकायले नेपालविरुद्ध गर्ने जासुसी गतिविधिलाई निस्तेज पार्न विभागअन्तर्गत एक विशिष्टीकृत प्रतिगुप्तचरी एकाइ गठन गर्ने व्यवस्था आधुनिक कानुनमा थपिँदै छ ।

राष्ट्रिय सुरक्षामा गम्भीर खतरा उत्पन्न भएमा संदिग्ध व्यक्तिको फोन, इन्टरनेट वा सामाजिक सञ्जालको सञ्चार रेकर्ड र अनुगमन गर्न सक्ने (इन्टरसेप्सन) अधिकार कानुनमा व्यवस्था गरिँदै छ । नागरिकको गोपनीयताको हक सुरक्षित गर्न फोन ट्यापिङ गर्दा अदालतको पूर्वस्वीकृत वा संसदीय निगरानी हुनुपर्ने विषयमा हाल संसद् र नागरिक समाजमा व्यापक कानुनी बहस भइरहेको छ ।

विभागभित्र साधारण, प्राविधिक र विशेष सुरक्षा समूह गठन गर्ने कानुनी प्रावधान छ । गुप्तचर निकायले कार्यान्वयन गर्ने नियम, निर्देशिका वा कार्यविधिहरू सर्वसाधारणका लागि सार्वजनिक नगरिने विशेष कानुनी संरक्षण रहेको हुन्छ ।

नेपाल सरकारले पुराना र संकुचित प्रावधान भएको २०४२ सालको विशेष सेवा ऐनलाई पूर्ण रूपमा विस्थापित गरी डिजिटल युग र आधुनिक सुरक्षा चुनौतीहरू (जस्तै साइबर सुरक्षा र आतंकवाद) सामना गर्न सक्ने गरी नयाँ छाता कानुन निर्माण कार्यलाई अगाडि बढाएको छ ।

राष्ट्रिय अनुसन्धान विभागका अनुसार गुप्तचर हुनका लागि अनुसन्धान अधिकृतका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उत्तीर्ण हुनुपर्ने, अनुसन्धान सहायकका लागि न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तीर्ण, अनुसन्धान सूचकका लागि न्यूनतम एसइई वा समकक्ष उतीर्ण हुनुपर्छ । पुरुषका लागि आवेदन दिने समयमा १८ वर्षभन्दा तल र २५ वर्षभन्दा माथि हुनु हुँदैन भने महिलाका लागि अधिकतम ३० वर्षसम्म तोकिएको छ । उचाइ पुरुषका लागि न्यूनतम ५ फिट २ इन्च र महिलाका लागि ५ फिट अनिवार्य छ । वजन पुरुषका लागि न्यूनतम ५० किलोग्राम र महिलाका लागि न्यूनतम ४२ किलोग्राम । छाती केवल पुरुषका लागि सामान्य ३१ इन्च फुलाउँदा ३३ इन्च आवश्यक पर्छ । आँखाको क्षमता +२ वा -२ भन्दा धेरै वा कम हुनुहुँदैन ।

उम्मेदवार नेपालको नागरिक हुनुपर्छ, नैतिक पतन देखिने कुनै पनि आपराधिक क्रियाकलापमा अदालतबाट दोषी ठहर नभएको, कुनै पनि राजनीतिक दलको सदस्य नरहेको हुनुपर्नेछ ।

योग्यताका सवालमा प्राचीन धर्मशास्त्रले निर्धारण गरेको र आधुनिक कानुनमा उल्लेख भएको गुप्तचरको योग्यतामा समानता देखिन्छ । गुप्तचरका प्रमुख कार्यका विषयमा पनि प्राचीन धर्मशास्त्र र आधुनिक कानुनमा समानता रहेको पाइन्छ । प्राचीन धर्मशास्त्रले पनि गुप्तचरलाई राज्यको एउटा महत्त्वपूर्ण पक्षका रूपमा लिएको छ भने आधुनिक वैश्विक परिवेशमा त गुप्तचरको भूमिकालाई अपरिहार्य मान्न सकिन्छ । गुप्तचरका माध्यमबाट राज्यको भित्रि र बाहिरी रूपमा भइरहेका गैरकानुनी गतिविधिमा नियन्त्रण गर्न सकिन्छ । त्यसकारण आधुनिक विश्व राजनीतिक परिवेशमा गुप्तचरको महत्त्व अझ बढेर गएको देखिन्छ ।

# रक्तसञ्चार : जीवन बचाउने प्रणाली

विचार

● कोमल अधिकारी

*जसरी रगतको विकल्प छैन, त्यसै गरी रक्तसञ्चार नीतिको पनि विकल्प छैन, यसको पूर्ण परिपालना हामी सबैको कर्तव्य हो ।*

मानव सभ्यताको इतिहासमा विज्ञानले असम्भव मानिएका असंख्य चुनौतीहरूलाई पराजित गरेको छ । कृत्रिम मुटु, जिन सम्पादन र कृत्रिम बुद्धिमत्ताले स्वास्थ्य प्रणालीलाई रूपान्तरण गरिरहेको छ । आधुनिक रक्तसञ्चार सेवाले रगतको समूह पहिचान, तत्त्व छुट्याउने प्रविधि, संक्रमण नियन्त्रण, र भण्डारण व्यवस्थापनमा उल्लेख्य प्रगति गरेको छ । तर, एउटा बिरामीलाई आवश्यक पर्ने रगत अर्को स्वस्थ मानिसबाटै उपलब्ध गराउनुपर्छ, यहाँ विज्ञानसमेत निरुपाय बन्छ । आयुर्वेदिक ग्रन्थ सुश्रुतसंहितामा 'रक्तं प्राणायतनानां प्रमुखं परिकीर्तितम्' भन्दै रगतलाई प्राणको प्रमुख आधार मानिएको छ ।

रक्तदान व्यापारिक वस्तु वा उद्योगको उत्पादन नभई मानव स्वैच्छिकता, परोपकार र सामाजिक उत्तरदायित्वको जीवित रूप हो । एउटा रक्तदाताले आफ्नो शरीरको सानो अंश बाँडेर दुर्घटनाग्रस्त बिरामी वा क्यान्सररोगीलाई नयाँ जीवन दिन्छ । त्यसैले रक्तसञ्चार केवल प्राविधिक शाखा मात्र नभई समाजको नैतिक परिपक्वताको सूचक पनि हो ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर वार्षिक करिब ११ करोड ८० लाख युनिट रगत संकलन हुन्छ, जसको ४० प्रतिशतभन्दा बढी हिस्सा उच्च आय भएका देशका १५.५ प्रतिशत जनसंख्याले उपभोग गर्छन् । निम्न आय भएका देशहरूमा भने नियमनको अभावमा असुरक्षित रक्तसञ्चार अझै पनि गम्भीर सार्वजनिक स्वास्थ्य चुनौतीका रूपमा रहेको छ ।

नेपालमा संस्थागत रक्तसञ्चार सेवाको सुरुवात वि.सं. २०२१मा वीर अस्पतालको प्याथोलोजी विभागबाट भई २०२३ सालमा लक्ष्मी ब्लड बैंकका रूपमा विस्तार भयो । वि.सं. २०४८ चैत २४मा सरकारले नेपाल रेडक्रस सोसाइटीलाई अधिकार दिएपछि देशभर यो सेवा फैलियो । यसलाई व्यवस्थित गर्न गरिएका कानुनी तथा नीतिगत प्रयासहरू निम्न अनुसार छन् :

**राष्ट्रिय रक्तसञ्चार नीति, २०५० (संशोधन २०६१)**

आधुनिक चिकित्सामा सुरक्षित रगतको आपूर्ति सुनिश्चित गर्न यो नीति लागू गरियो । यसले स्वैच्छिक रक्तदान, गैर-नाफामूलक सञ्चालन, र डाक्टरको सिफारिस अनिवार्य गऱ्यो । २०६१को संशोधनले स्वास्थ्य

सेवा विभागका महानिर्देशकको नेतृत्वमा राष्ट्रिय निर्देशक समिति र प्राविधिक सल्लाहकार समिति गठन गरी सेवालाई वैधानिक दायरामा ल्यायो ।

**राष्ट्रिय रक्तसञ्चार नीति, २०७१**

प्रविधिको विकास र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन २०६१को नीति खारेज गरी यो नयाँ नीति ल्याइयो । शतप्रतिशत स्वैच्छिक रक्तदान, नियमनका लागि राष्ट्रिय रक्तसञ्चार ब्युरोको स्थापना, र अस्पतालमा रक्तसञ्चार समिति गठन गर्नु यसका मुख्य विशेषता हुन् ।

**जनस्वास्थ्य सेवा ऐन, २०५५ तथा २०७५ र नियमावली, २०७७**

मानव अंग खरिद-बिक्री निषेध गर्ने २०५५ को ऐन हुँदै संघीय संसद्बाट पारित जनस्वास्थ्य सेवा ऐन २०७५ ले रक्तसञ्चारलाई कानुनी हकका रूपमा समेट्यो । ऐनको दफा ३४ अनुसार अनुमतिप्राप्त संस्थाले मात्र यो सेवा दिन पाउने र नियमावलीको नियम २० ले ३ वर्षे नवीकरणको व्यवस्था गरी दायित्व थपेको छ ।

स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ (संशोधन २०७८)

यसले रक्तसञ्चार केन्द्रहरूलाई 'ए' देखि 'डी' सम्म वर्गीकरण गर्दै न्यूनतम प्राविधिक मापदण्ड तोकेको छ । समूह 'ए'का लागि तोकिएका भवन र उपकरणका साथै कम्तीमा ५ वटा अस्पतालसँग सम्झौता हुनुपर्ने र ९० प्रतिशत रक्ततत्त्व प्रशोधन गर्नुपर्ने प्रावधान राखिएको छ ।

नेपालको रक्तसञ्चार प्रणाली तीन दशक लामो नीतिगत अभ्यासपछि कानुनी एवं प्राविधिक परिपक्वतातर्फ अघि बढेको छ । तथापि, केवल दस्तावेज र मापदण्ड बनेर मात्र पुग्दैन; शतप्रतिशत स्वैच्छिक रक्तदान, पारदर्शी गुणस्तर नियन्त्रण र डिजिटल ट्रेसबिलिटीको पूर्ण पालना हुनुपर्छ । सुरक्षित र सुलभ रगतको निर्बाध पहुँच सुनिश्चित गर्नु नै राज्य र सम्पूर्ण सरोकारवालाको प्राथमिक दायित्व हो । रगतको कुनै विकल्प नभएझैं, सुरक्षित रक्तसञ्चार प्रणाली निर्माणका लागि नीतिगत निष्ठाको पनि कुनै विकल्प छैन ।

**(लेखक त्रिभुवन विश्वविद्यालय लायन्स रक्तसञ्चार तथा अनुसन्धान केन्द्रका प्रशासन प्रमुख हुन् ।)**

इतिहासको पाना

● सुनिल उलक

# १०१ वर्ष पुरानो पाल्पा दरबार

वि.सं. १९८२मा निर्मित ऐतिहासिक पाल्पा दरबार माओवादी सशस्त्र आक्रमणका क्रममा २०६२ माघ १८ गते ध्वस्त पारिएको थियो । तत्कालीन प्रशासनिक अड्डा र प्रमुख कार्यालयहरू यहीं रहेकाले निसानामा परेको यो पुरातात्त्विक धरोहर गणतन्त्र स्थापनापछि २०७२ सालमा पुनर्निर्माण भई हाल 'पाल्पा दरबार संग्रहालय'का रूपमा जीवन्त रहेको छ ।

वीरशमशेरले आफ्ना काका रणोद्दीपको हत्या गरी सत्ता कब्जा गरेपछि राणा शासनलाई सुरक्षित राख्न रोलक्रम बनाएका थिए । तत्कालीन चार गौंडामध्ये पश्चिमको पाल्पा गौंडा सबैभन्दा महत्त्वपूर्ण मानिन्थ्यो, जहाँ श्री ३ महाराजाहरूले आफ्ना विश्वासपात्र भाइभतिजालाई मात्र बडाहाकिम बनाएर पठाउँथे । यसै क्रममा देवशमशेरलाई हटाएर श्री ३ बनेका चन्द्रशमशेरले वि.सं. १९८१मा आफ्ना भतिजा प्रतापशमशेरलाई पश्चिम कमान्डिङ जनेंलका रूपमा पाल्पाको बडाहाकिम बनाए । प्रतापशमशेरले नै प्रसिद्ध वास्तुकार जोगवीर स्थापितको डिजाइनमा पाल्पा दरबार बनाउन लगाएका थिए ।

काठमाडौंको 'चारबुर्जा दरबार'को शैलीमा निर्माण थालिए पनि अगाडिपट्टि दुईवटा मात्र बुर्जा राखिएको यो दरबार वि.सं. १९८२मा तयार भयो । करिब ८ रोपनी क्षेत्रफलमा फैलिएको ४ तले यस दरबारमा ६३ वटा कोठा र २ वटा भव्य बैठक कक्ष थिए । राणाकालमा निजी आवास र प्रशासनिक कार्य यहींबाट सञ्चालन हुन्थ्यो । वि.सं. २००७ मा प्रजातन्त्र आएपछि पनि २०१८ सालसम्म बडाहाकिमले यहींबाट प्रशासनिक नेतृत्व सम्हाले । पछि पनि पाल्पाका अधिकांश सरकारी कार्यालयहरू यही दरबार परिसरमा सञ्चालित थिए । जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, सरकारी वकिलको कार्यालय, जिल्ला अनुसन्धान विभाग, मालपोत कार्यालय र प्रमुख जिल्ला अधिकारी (सिडिओ)को निवास यहीं रहेकाले यो दरबार प्रशासनिक केन्द्र बनेको थियो ।

यसै कारण सशस्त्र द्वन्द्वका क्रममा २०६२ माघ १८ गते राति १०:४२ बजे माओवादी समूहले पाल्पामा भीषण आक्रमण गऱ्यो । सेनासँग लामो दोहोरो भिडन्तका क्रममा माओवादीले मुख्य निसाना बनाएपछि पाल्पाको यो अमूल्य धरोहर पूर्ण रूपमा जलेर ध्वस्त भयो ।

देशमा गणतन्त्र स्थापना भएपछि वि.सं. २०७२मा ६ करोड ३२ लाख रुपैयाँको लागतमा दरबारलाई पुरानै ऐतिहासिक स्वरूपमा पुनर्निर्माण गरियो । अहिले यो भवनलाई 'पाल्पा दरबार संग्रहालय'का रूपमा स्थापना गरी संरक्षण गरिएको छ ।

# सार्वजनिक खरिद ऐन संशोधनको विषय अन्तिम सुनुवाइमा टुंग्याउने सर्वोच्चको आदेश

**काठमाडौं/मस–** सर्वोच्च अदालतको संवैधानिक इजलासले पत्रिकामा टेन्डरका विज्ञापन प्रकाशित गर्न निषेध गर्नेगरी भएको सार्वजनिक खरिद ऐन २०६३ को संसोधन उपरको रिटमा सरकारका नाममा कारण देखाउ ओदश जारी भएको छ ।

प्रधानन्यायाधीश मनोज कुमार शर्मा, न्यायाधीशहरु विनोद शर्मा, सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान र महेश शर्मा पौडेल सहितको पाँच सदस्यीय इजलासले सार्वजनिक खरिद ऐनमा संशोधन गर्नु पर्नाको कारण माग गरेको हो । इजलासले मुद्दाको विषयवस्तु अन्तिम सुनुवाइको बखतमा नै निर्क्योल गर्नुपर्ने प्रकृतिको रहेको उल्लेख गर्दै अन्तरिम आदेश भने दिन इन्कार गरेको छ ।

खरिद ऐनमा भएको संसोधनमार्फत पत्रिकामा सूचना तथा विज्ञापन प्रकाशनमा पूर्व प्रतिबन्ध लगाइएको विषय असंवैधानिक भएको, असंवैधानिक संसोधनलाई विकसित मुलुकका सर्वोच्च अदालतहरुले समेत बदर गरिदिएको दृष्टान्तसहित अधिवक्ताद्वय अनन्तराज लुइँटेल र रामप्रसाद पुडासैनीले अन्तरिम आदेशको माग गर्दै रिट निवेदन दायर गरेका थिए ।

संविधानको धारा १९ प्रतिकूल समाचार

तथा सूचना प्रकाशनमा पूर्वप्रतिबन्ध लगाउने व्यवस्थाले समग्र लोकतान्त्रिक शासन व्यवस्थालाई नै कमजोर बनाउने भन्दै वरिष्ठ अधिवक्ताहरु ललितबहादुर बस्नेत र निवेदक अधिवक्ता लुइँटेलले लोकतान्त्रिक शासन व्यवस्था र चौथो अंगलाई जोगाउन अन्तरिम आदेशको माग गरेका थिए । अधिवक्ताहरू किर्तिनाथ शर्मा पौडेल, प्रतिभा उप्रेती, विशाल थापा, शकुन्तला भुषाल र सूर्यवती पुडासैनीलगायत कानुन व्यवसायीयले समेत निवेदकको तर्फबाट बहस गरेका थिए ।

सार्वजनिक खरिद अध्यादेशविरुद्ध अधिवक्ताद्वयले जेठ १२ मा दायर गरेको रिटमा सुनुवाई नहुँदै संसदबाट पारित भई अध्यादेशले कानुनको रूप लिएपछि निवेदकद्वयले पूरक निवेदनसमेत दायर गरेका थिए । उक्त पूरक निवेदनसमेत मूल निवेदनसँगै बुधबार इजलासमा पेस भएको थियो । सर्वाजनिक खरिद ऐन, २०६३ को दफा १४(१), ३०(१) र ४०(१) मा भएको संशोधनले पत्रिकामा टेन्डर विज्ञापन प्रकाशन गर्न रोक लगाउँदै वेबसाइटमा मात्रै प्रकाशित गर्नुपर्ने गरी पहिला अध्यादेशमार्फत संशोधन भएकोमा पछि उक्त अध्यादेश संसद्बाट पारित भई असार १५ मा राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेको छ ।

सरकारले विज्ञापनमा लगाएको एकद्वार नीति नेपाल मिडिया सोसाइटीका अख्तियारप्राप्त अधिवक्ता लुइँटेलकै निवेदनका आधारमा सर्वोच्च अदालतबाट असार ३० मा खारेज भइसक्दासमेत सरकारले सार्वजनिक खरिद ऐनमा भएको संशोधनका आधारमा दैनिक पत्रिकामा विज्ञापन रोक लगाई आर्थिक नाकाबन्दी लगाउँदै आएको छ । सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले विज्ञापनमा असार ३० को फैसलामार्फत विभेदको अन्त्य गरिदिएपछि पनि सरकारले भने सार्वजनिक खरिद ऐनमा भएको संशोधनलाई सिरानी हालेर मिडियामाथिको नाकाबन्दी कायमै राखेको छ ।

सो अध्यादेशको संशोधनअघि नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचना सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तह तथा सोअन्तर्गतका निकाय तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायले आफ्ना सूचना गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो ।

# सल्यानमा ग्यास आएको खबरसँगै पसलमा भिड

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, २७ साउन

सल्यानमा खाना पकाउने एलपी ग्यासको आपूर्ति मागअनुसार हुन नसकेपछि जिल्ला प्रशासन कार्यालयले सल्यानमा प्रमुख बजार अनुगमन तथा आपूर्ति व्यवस्थापनमा निगरानी बढाएको छ । ग्यासको अभाव देखिन थालेसँगै कृत्रिम अभाव, कालोबजारी तथा मूल्यवृद्धि हुन नदिन प्रशासनले जिल्लाका मुख्य बजारमा रहेका ग्यास बिक्री केन्द्रको मौज्दात र बिक्री अवस्थाबारे जानकारी लिन थालेको हो ।

जिल्ला प्रशासन कार्यालय सल्यानका प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाका अनुसार सदरमुकाम खलंगासहित श्रीनगर र सल्लीबजार क्षेत्रमा ग्यासको उपलब्धता र वितरण अवस्थाबारे निरन्तर अनुगमन भइरहेको छ । अनुगमनका क्रममा मागको तुलनामा आपूर्ति कम भएको पाइएको प्रशासनले जनाएको छ ।

प्रजिअ सापकोटाले जिल्लामा ग्यास अभावको गुनासो आउन थालेपछि सम्बन्धित व्यवसायी, उद्योग वाणिज्य, डिलर तथा आपूर्तिकर्तासँग समन्वय गरी आपूर्ति व्यवस्थालाई सहज बनाउने विषयमा छलफल भएको बताए ।

'ग्यासअभावको गुनासो आइरहेको छ । मागको तुलनामा आपूर्ति कम भएको पाइएको छैन, बजार अनुगमन तथा आपूर्ति व्यवस्थापनमा समन्वय भइरहेको छ,' उनले भने, 'कृत्रिम अभाव वा कालोबजारी गरेको पाइए कडा कारबाही हुन्छ ।' प्रशासनका अनुसार श्रीनगर र सल्लीबजारमा गरिएको अनुगमनमा उद्योगबाट मागअनुसार पर्याप्त ग्यास नआएको पाइएको छ । ग्यास बिक्री गर्ने पसलमा मौज्दात, बिक्रीको अवस्था र उपभोक्तालाई वितरण गर्ने प्रक्रियाबारे समेत जानकारी लिने काम भइरहेको छ ।

**ग्यास आएको खबरसँगै पसलमा भिड**

ग्यासको आपूर्ति नियमित नहुँदा उपभोक्ताले समस्या भोग्न थालेका छन् । बजारमा ग्यास आएको खबर फैलिनेबित्तिकै बिक्री केन्द्रमा उपभोक्ताको भिड लाग्ने गरेको छ । तर सीमित मात्रामा ग्यास आउने भएकाले धेरै उपभोक्ता खाली सिलिन्डर लिएर फर्किनुपर्ने अवस्था रहेको स्थानीयको गुनासो छ ।

खाना पकाउन नियमित रूपमा ग्यास प्रयोग गर्दै आएका उपभोक्ताका लागि यसको अभावले दैनिक जीवन प्रभावित भएको छ । कतिपय परिवार ग्यास नपाएपछि दाउरा लगायत वैकल्पिक इन्धन प्रयोग गर्न बाध्य भएका छन् ।

स्थानीय उपभोक्ता गीता आलीले केही दिनयता ग्यास खोज्दै बजारका विभिन्न पसलमा पुग्दा पनि सहज रूपमा नपाएको बताइन् । 'केही दिनदेखि ग्यास डिलरमा जहाँ पुग्दा पनि 'सकियो' भन्ने जवाफ पाइन्छ । घरको सिलिन्डर सकिन लाग्दा भान्सामा के गर्ने भन्ने चिन्ता थपिएको छ,' उनले भनिन् ।

अर्का उपभोक्ता विवेक डाँगी पनि ग्यास अभावका कारण आफ्नो टोलका धेरै परिवार प्रभावित भएको बताउछन् । ग्यास नपाउँदा खाना पकाउने दैनिक काममै समस्या भएको र वैकल्पिक इन्धनको भर पर्नुपरेको उनको भनाइ छ ।

ग्यास बिक्रेताले भने बजारमा देखिएको अभावको मुख्य कारण उद्योगबाटै पर्याप्त ग्यास नआउनु र पछिल्लो समय उपभोक्ताको माग अस्वाभाविक रूपमा बढ्नु रहेको बताएका छन् ।

बागचौरको पेदिखोला बजारका बिक्रेता प्रदीप पुनका अनुसार पहिलेको तुलनामा अहिले कम्पनीबाट कम मात्रामा ग्यास आउने गरेको छ । मागअनुसार ग्यास उपलब्ध नहुँदा सबै उपभोक्तालाई वितरण गर्न कठिन भएको उनले बताए ।

'हामीसँग भएको मनकामना ग्यास सबै सकियो। कम्पनीले पर्याप्त उपलब्ध गराएको छैन । माग गरेको पनि पाउन सकिएको छैन, त्यसैले सबैलाई वितरण गर्न समस्या भएको छ,' उनले भने ।

सदरमुकाम खलंगाकी अर्की बिक्रेता अम्बिका श्रेष्ठले ग्यास अभाव हुने हल्लाका कारण उपभोक्ताले आवश्यकताभन्दा बढी सिलिन्डर जोहो गर्न खोज्दा माग बढेको बताइन् ।

उनका अनुसार सामान्य अवस्थामा एक परिवारलाई आवश्यक पर्नेभन्दा बढी ग्यास राख्ने प्रवृत्ति बढ्दा सीमित आपूर्तिमाथि थप दबाब परेको छ । यसले बजारमा ग्यास अभाव अझ बढी देखिएको उनको भनाइ छ ।

**कृत्रिम अभाव र कालोबजारी रोक्न प्रशासनको चेतावनी**

प्रशासनले भने आपूर्ति कमी भए पनि त्यसको फाइदा उठाउँदै ग्यास लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने वा तोकिएको मूल्यभन्दा बढी रकम असुल्ने काम स्वीकार्य नहुने स्पष्ट पारेको छ । प्रजिअ सापकोटाले आवश्यकताभन्दा बढी ग्यास भण्डारण नगर्न उपभोक्तालाई आग्रह गरेका छन् । अनुगमनका क्रममा अधिकांश डिलरमा उद्योगबाट ग्यास आपूर्ति भइरहेको भए पनि जिल्लाको मागअनुसार पर्याप्त मात्रा नपुगेको अवस्था देखिएको प्रशासनको भनाइ छ ।

ग्यासको वितरण प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र न्यायोचित बनाउनुपर्ने आवश्यकता देखिएको प्रशासनले जनाएको छ । बिक्री केन्द्रमा ग्यास आएपछि निश्चित उपभोक्तालाई मात्र लुकिछिपी बिक्री गर्ने, बढी मूल्य लिने वा मौज्दात लुकाउने जस्ता गतिविधि भए तत्काल जानकारी गराउन प्रशासनले आग्रह गरेको छ ।

'भएको ग्यास लुकाएर कृत्रिम अभाव सिर्जना गर्ने वा तोकिएको मूल्यभन्दा बढी रकम लिएर बिक्रीवितरण गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुन्छ,' प्रजिअ सापकोटाले चेतावनी दिए ।

सल्यानमा हाल दाउ, सुर्खेत र नेपालगन्जबाट खाना पकाउने ग्यास आपूर्ति हुँदै आएको छ । जिल्लाको सदरमुकाम खलंगा, श्रीनगर, सल्लीबजारलगायत प्रमुख बजार क्षेत्रमा विभिन्न बिक्री केन्द्रमार्फत ग्यास वितरण हुँदै आएको छ ।

तर आपूर्ति नियमित र मागअनुसार पर्याप्त नहुँदा बजारमा ग्यासको उपलब्धता असमान देखिएको छ । कुनै बिक्री केन्द्रमा ग्यास आएको केही समयमै सकिने र कतिपय उपभोक्ता ग्यास नपाएर फर्किनुपर्ने अवस्था रहेको स्थानीयको भनाइ छ ।

# बूढानीलकण्ठ नगर अस्पतालमा बढ्दै सेवा र सेवाग्राही, विशेषज्ञ उपचार थप्ने तयारी

**काठमाडौं/मस–** बुढानीलकण्ठ नगर अस्पतालले सेवा विस्तारलाई प्राथमिकतामा राख्दै आगामी आर्थिक वर्षदेखि थप विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्ने तयारी गरेको छ । अस्पतालले स्थानीय नागरिकलाई उपचारका लागि अन्यत्र जानुपर्ने अवस्था कम गर्ने उद्देश्यले नयाँ विभाग र विशेषज्ञ सेवा थप गर्न लागेको हो ।

अस्पतालले दैनिक रूपमा दन्त सेवा सञ्चालन गर्ने गरी दन्त सेवा विभाग स्थापना गर्ने योजना बनाएको छ । यससँगै मुटुरोग र स्त्रीरोगसम्बन्धी विशेषज्ञ सेवा सातामा दुई दिन तथा चर्मरोग सेवा सातामा एक दिन सञ्चालन गर्ने तयारी गरिएको छ। बालरोग सेवा पनि सातामा एक दिनबाट बढाएर दुई दिन सञ्चालन

गरिनेछ । अस्पतालको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा तथा भावी कार्ययोजना कार्यक्रममा आगामी योजनाबारे जानकारी दिइएको हो । नगरप्रमुख मिठाराम अधिकारीले नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको बताए । नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन नगर अस्पतालको क्षमता विस्तारसँगै अन्य अस्पतालसँगको सहकार्यलाई समेत अघि बढाइएको उनले बताए ।

नगरपालिकाले नगरवासीलाई उपचारमा आर्थिक भार कम गर्ने उद्देश्यले विभिन्न स्वास्थ्य संस्थासँग सहकार्य गरेको छ । निःशुल्क रगत उपलब्ध गराउने, जलनपीडितका लागि किर्तिपुर अस्पतालमा निःशुल्क उपचार तथा हेम्स अस्पतालमा उपचार खर्चमा १७ प्रतिशत छुटको व्यवस्था गरिएको अधिकारीले बताए । त्यस्तै, गंगालाल अस्पतालमा मुटुरोग उपचारका लागि ५० हजार रुपैयाँसम्म सहयोग र बाँसबारी न्युरो अस्पतालमा १५ प्रतिशत छुट उपलब्ध गराउने व्यवस्था गरिएको छ । अस्पतालका प्रमुख कार्यकारी अधिकृत गोपालप्रसाद पोखरेलले सेवा विस्तारसँगै निःशुल्क उपचारको नीतिलाई पनि प्रभावकारी बनाइने बताए । उनका अनुसार नगर अस्पताल र अन्य अस्पतालबीचको समन्वयमार्फत आवश्यक सेवामा नागरिकको पहुँच बढाउने प्रयास भइरहेको छ ।

पछिल्लो समय अस्पतालमा ओपिडी सेवा पनि थपिएको छ। दैनिक दुई वटा ओपिडी सञ्चालन हुँदै आएकोमा हाल तीन वटा ओपिडी सञ्चालनमा छन् । २०८३ असार १२ गतेदेखि सुरु गरिएको यूएसजी सेवाबाट असार मसान्तसम्म ३४८ जनाले सेवा लिएका छन् । अर्थोपेडिक सेवाको अवधि पनि विस्तार गरिएको छ । यसअघि सातामा दुई दिन मात्र सञ्चालन हुँदै आएको सेवा अहिले पाँच दिन सञ्चालन भइरहेको छ । बर्थिङ सेवा सुरु भएको केही महिनामै २२ जनाले सफल प्रसूति सेवा लिएको पोखरेलले जानकारी दिए। उक्त सेवा २०८२ मंसिर ९ गतेदेखि सञ्चालनमा आएको हो । अस्पतालका निर्देशक डा.सुधांशु झाका अनुसार आर्थिक वर्ष २०८२/०८३ मा ५४ हजार ७३ जनाले अस्पतालका विभिन्न सेवा लिएका छन् । ओपिडीबाट मात्रै ४६ हजार ८४८ जना सेवाग्राहीले सेवा लिएका थिए। यसबाहेक आकस्मिक सेवाबाट ३ हजार ४१४, स्वास्थ्य बीमामार्फत ४ हजार ३०४ र अन्य सेवाबाट ३ हजार ८११ जनाले सेवा प्राप्त गरेका छन् ।

# नदीमा बेपत्ता तीनमध्ये दुई बालबालिकाको शव फेला

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ साउन

रौतहटको देवाही गोनाही नगरपालिका-२ स्थित लालबकैया नदीमा नुहाउने क्रममा डुबेर बेपत्ता भएका तीन जना बालबालिकामध्ये दुईजनाको शव फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार मंगलबार दिउँसो १:५० बजेको समयमा देवाही गोनाही नगरपालिका २ लक्ष्मिनियास्थित लालबकैया नदीमा नुहाउने क्रममा बेपत्ता भएका तीन बालबालिकामध्ये १० वर्षीय रमलुल्लाह र सवनम खातुनको शव फेला परेको हो ।

घटनास्थलबाट करिब २.५ किलोमिटर दक्षिणतर्फ परोहा नगरपालिका-२ जिंगडवा क्षेत्रको लालबकैया नदीमा बुधबार बिहान ७ बजेतिर उनीहरूको शव तैरिरहेको अवस्थामा फेला परेको

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक बसन्त गौतमले जनाए ।

बुधबार दिउँसो घटनालगत्तै नेपाल प्रहरी सशस्त्र प्रहरी र स्थानीयबासीको सहयोगमा अबेर रातिसम्म खोजी कार्य सञ्चालन गरिएको थियो । राति अध्यारोका कारण रोकिएको खोजी कार्य बुधबार बिहानैदेखि पुनः सुरु गर्दा डुबेको स्थानभन्दा तल दुई जनाको शव भेटिएको प्रहरीले जनाएको छ ।

फेला परेका दुवै बालबालिकाको शवलाई कानुनी प्रक्रिया पूरा गरी पोष्टमार्टमका लागि गौरस्थित प्रादेशिक अस्पताल ल्याउने तयारी भइरहेको छ । यस्तै डुबेर बेपत्ता भएकी तेस्रो बालिकाको खोजी कार्य अझै तीव्र पारिएको प्रहरीले जनाएको छ ।

गोताखोर तथा स्थानीय सुरक्षाकर्मीको टोलीले नदी तटीय क्षेत्र तथा तल्लो तटीय इलाकामा निरन्तर खोजी गरिरहेको डिएसपी गौतमले बताए । वर्षायामका कारण नदीमा पानीको बहाव बढेको र तीव्र गति रहेकाले बालबालिकाहरूलाई नदी तथा जलाशय क्षेत्रमा एक्लै नपठाउन र विशेष सतर्कता अपनाउन जिल्ला प्रशासन तथा प्रहरी कार्यालयले अभिभावकहरूलाई आग्रह गरेको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२८**

मिति २०८१/०३/३० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम सावित कम्पनी **साल्मा एच.आर. डेभलपमेन्ट एण्ड सर्भिसेज प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिनुं व्यहोनुं पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा सावित नाम परिवर्तन गरी **साल्मा स्किल ट्रेनिङ इन्स्टिच्युट प्रा. लि (प्रा. लि. नं.: १७३७३५)** कायम गर्ने गरी मिति २०८३/०३/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२८**

मिति २०८२/०३/०२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम सावित कम्पनी **कामसु कन्सल्ट प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिनुं व्यहोनुं पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा सावित नाम परिवर्तन गरी **एस.एन.बी स्टुडियो प्रा. लि (प्रा. लि. नं.: २८१६५८)** कायम गर्ने गरी मिति २०८२/०५/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०४७/११/१७ मा दर्ता भएको श्री **होटल तिलिचो प्रा. लि. (प्रा. लि. नं. ४३५३)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिनुं बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**पहिलो पटक प्रकाशन मिति २०८३/०४/२८**

यस सहमति सामुदायिक वन उपभोक्ता समूह बारबर्दिया न.पा. १ को सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगढीमा मौज्दात रहेको विभिन्न जातको गोलिया थान १९६८ को ८८१७२७ घ.फि. काठ तथा दाउरा १३ चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सुचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सहमति सामुदायिक वन उपभोक्ता समूह,**
**बारबर्दिया न.पा. १ जमुनिया, बर्दिया । मो.नं. ९८४८०५०५६०**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/१२/२० मा दर्ता भएको **प्रा.लि. नं. १२१२४२/०७०/७१**को **ब्रोड भिजन एजुकेशनल कन्सल्टेन्सी प्रा. लि.** को मिति २०८३/०४/२७ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरको कार्यालय**
**नामः अर्जुन कोइराला, इजाजत पत्र नं. १७१**
**ठेगानाः बुढानिलकण्ठ -०४, काठमाण्डौ, ९८५१००३८९२**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७१/०७/१७ मा दर्ता भएको श्री **देउराली कृषि पशुपंक्षी प्रा. लि. (प्रा. लि. नं. १२७६११)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिनुं बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त**

**भादगाउँ सिनुवारी बहुमुखी क्याम्पस**

**झुम्का, सुनसरी**

**क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०४/२८ गते**

यस क्याम्पसका लागि आवश्यक भएको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (संशोधित सहित)को दफा ८ को उपदफा १(क)८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (१४ संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारीक विकेताहरूबीचमात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनका उत्पादक वा आधिकारिक विकेताबाट उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अधावधिक नविकरण भएको पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र, उक्त सवारी साधन आपुर्ति गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य गुणस्तर तथा सुविधा सहित विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन १२.०० बजे सम्म यस कार्यालयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली २०६४ (१४ संशोधन सहित) को नियम ३१ (ख) बमोजिम आह्वान गरिएको छ । पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा क्याम्पस खुलेको दिन निवेदन पेश गर्न सकिनेछ । थप जानकारी आवश्य परेमा क्याम्पसको फोन नं. ९८५२०५५९११ वा ९८४२०३४६६० मा सम्पर्क राख्न सकिने छ ।

**तपसिल**

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १. | (31+D) Campus Bus (1) | 32 Seater Bus Right hand Drive model BUS, suitable for driving in Nepal at an altitude up to 2500 meter and in ambient temperature 5 to 50 degree centigrade. Gross Vehicle weight of the vehicle shall not be less than 7400 kg. Wheelbase should be minimum 4200mm & seating capacity for at least 32 persons including driver. Offered Vehicle model should be at least 2025. Maximum rated power output not less than 95hp at governed RPM with torque min. 285 NM @ governed RPM. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical specification बमोजिम हुनेछ । स्वीकृत Technical specification को लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ वा www.bsmcramdhuni.edu.np मा हेर्न सकिन्छ । |

**श्याम कुमार चौधरी**
**क्याम्पस प्रमुख**

# 'बा : एक योद्धा'का दुई गीत चर्चामा

**काठमाडौं/मस-** 'धेरै राम्रो सन्देश बोकेको लोक संस्कारयुक्त गीत रहेछ । जसले १० मा ८ स्कोर पाउँछ मबाट । छुटाउँदा अन्याय भैजाने त 'भुइँ नबिर्स' नै हो, जसलाई १० मा ९.९९ घटाउँदैन,' यो प्रतिक्रिया चलचित्र 'बा : एक योद्धा'का दुई गीत 'नभन्नू कोइसित' र 'चढेको बुई नबिर्स, टेकेको भुइँ नबिर्स'लाई टेकेन कँडेलले युट्युबमा हेरेर दिएका हुन् ।

सिबी राना मगरलाई पनि 'बा : एक योद्धा'का गीत 'नभन्नू कोइसित' मन परेको छ । उनी लेख्छन्, 'धेरै पछि पञ्चेबाजाको नयाँ गीत आहा सागर आले र समीक्षा अधिकरीको स्वरमा आहा ।'

चलचित्र 'बा : एक योद्धा'को गीत सुनेर र हेरेर आएका केही प्रतिक्रिया हुन् यी । यस्ता थुप्रै प्रतिक्रिया यो सिनेमाका गीतलाई प्राप्त भएको छ । यी प्रतिक्रियासँगै सिनेमाको निर्माण टिम निकै उत्साही बनेको छ । 'बा : एक योद्धा'को टिमले प्रचार सुरु गरिसकेको छ ।

चलचित्र 'बा : एक योद्धा' टिमले केही दिन अघि लोकलयको गीत 'नभन्नू कोइसित' सार्वजनिक गरेको थियो । त्यसअघि सिनेमा शीर्ष गीत 'चढेको बुई नबिर्स, टेकेको भुइँ नबिर्स' सार्वजनिक गरिएको थियो । जसको धेरैले तारिफ गरिरहेका छन् ।

चलचित्र 'बाः एक योद्धा' भदौ १९ गते रिलिज हुँदैछ । नेपाली समाजमा परिवारमा सन्तानको भविष्यका लागि बुवाले गर्ने त्याग, संघर्ष र जीवनभर झेल्ने चुनौतीहरू 'बा : एक योद्धा'को मुख्य कथा रहेको बताइएको छ ।

यो चलचित्रमा दिव्यदेव, झरना थापा, सुहाना थापा, माओत्से गुरुङ, अनिल बुढाथोकी, सागर खनाल, शिशिर सिवाकोटी, सुप्रज्ञा शर्मा र शवि थापा मुख्य भूमिकामा छन् ।

हरि लम्सालको लेखन तथा निर्देशन रहेको चलचित्र 'बाः एक योद्धा' कुशे औंसी अर्थात् बुबाको मुख हेर्ने दिनको पूर्वसन्ध्यामा प्रदर्शनमा आउन लागेको हो ।

नेपाली संगीत क्षेत्रमा दर्जनौं कालजयी गीत दिएका संगीतकार हरि लम्साल रचनाकार र गायक पनि हुन् । फिचर सिनेमामा भने 'बाः एक योद्धा' उनको पहिलो निर्देशन हो । आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको यो चलचित्रको कथासँगै पटकथा पनि लम्साल आफैंले लेखेका छन् ।

चलचित्र 'बाः एक योद्धा'का निर्माता वसन्त लम्साल हुन् । अनिल बुढाथोकी कार्यकारी निर्माता रहेको चलचित्रका लाइन प्रोड्युसर अर्जुन पौडेल हुने भने सह-निर्माता कृष्ण काफ्ले रहेका छन् ।

शिवराम श्रेष्ठको छायाकंन रहेको चलचित्रको मुख्य सहायक निर्देशकमा तारानाथ न्यौपाने छन् । 'बा : एक योद्धा' आशिष एच तामाङ र प्रदीप धामीको कुवेर सिने डिस्ट्रिब्युसनले वितरण गर्नेछ ।

# 'म मदनकृष्ण'मा हरिवंशको श्रीमतीको भूमिकामा वर्षा

**काठमाडौं/मस-** वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको जीवनीमा आधारित बायोपिक सिनेमा 'म मदनकृष्ण'मा वर्षा राउतको प्रवेश भएको छ । निर्माण टिमले उनलाई हरिवंश आचार्यको अपोजिटको भूमिकामा अनुबन्ध गराएको हो ।

उनले 'म मदनकृष्ण'मा हरिवंशको श्रीमती रमिला पाठकको भुमिका निभाउने छिन् । हरिवंशको भूमिकामा भने यो चलचित्रमा अरुण क्षेत्री अनुबन्ध भइसकेका छन् । अब 'म मदनकृष्ण'मा वर्षाले अरुणको अपोजिटमा काम गर्नेछिन् । अरुण र वर्षाले पहिलोपटक सँगै काम गर्न लागेका हुन् । 'हामीले अरुणको अपोजिटमा वर्षा राउतलाई लिएका छौं । निर्माण टिमले वर्षालाई अरुणको अपोजिटमा साइन गराउँदा उहाँले हरिवंश आचार्यको श्रीमतीको भूमिका निर्वाह गर्नुहुनेछ,' निर्देशक मिलन चाम्सले भने ।

हरिवंशको अपोजिटमा वर्षाले काम गर्दा यही टिमले यसपछि बनाउने हरिवंशको बायोपिकमा पनि वर्षा नै यो भूमिकामा रहनेछिन् । किनकी अरुणले हरिवंशको बायोपिकमा मुख्य भूमिकामा साइन गरिसकेका छन् ।

वर्षाको केही समयअघि रिलिजको भएको चलचित्र 'मालती मंगले'मा उनको अभिनयको ठुलो प्रशंसा भएको थियो ।

मदनकृष्णको जिन्दगीका सुख, दुःख समेट्दै उनको सम्पूर्ण जीवन संघर्ष र आरोह-अवरोहलाई समेटेर निर्माण हुने बायोपिक सिनेमा 'म मदनकृष्ण'लाई मिलन चाम्सले निर्देशन गर्नेछन् । उनले गत वर्ष चलचित्र 'अञ्जिला' निर्माण गरेका थिए, जुन राष्ट्रिय फुटबल टिमकी गोलरक्षक तथा क्याप्टेन अञ्जिला तुम्बाप्पेको बायोपिक थियो ।

म मदनकृष्णको बायोपिकमा मदनकृष्णको भूमिका अभिनेता महेश त्रिपाठीले निर्वाह गर्नेछन् । यो बायोपिकको शीर्ष भूमिकामा दर्शकले केकी अधिकारीलाई देख्न पाउनेछन् । उनले मदनकृष्णकी श्रीमती यशोदाको भूमिका निर्वाह गर्नेछिन् । मदनकृष्णको बाल्यकाल, सरकारी जागिरे जीवन, हरिवंशसँगको सहकार्य, अन्तरजातीय विवाहलगायतको कथा बायोपिकमा समावेश हुनेछ । चलचित्रमा राजाराम पौडेल, किरण केसी, रुषा न्यौपाने, यमन श्रेष्ठ, देशभक्त खनालको पनि अभिनय रहनेछ ।


## CYPRUS मा रोजगार

कम्पनी : E.T. TRUST EMPLOYMENT, शहर : LIMASSOL
पूर्व स्वीकृत मितिः २०८३/०३/१७, चलानी नं.: ६०२५९५९५, L.T. No.: 343913

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 25 | स. काममा दक्ष | 400 | ७०३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ४ गते (20 August 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

CROWN OVERSEAS CONSULTANCY PVT. LTD. Gov. License No.: 225/058/059
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com



## कुवेतमा रोजगार

कम्पनीः BOMBSHELL LOUNGE HEALTH INSTITUTE AND LADIES BEAUTY SALON COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/०७ चलानी नं.: ६०२४७६६० LT.No.:333942 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 7 | सम्बन्धित काममा दक्ष | 150 | ७४४३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 5 | | 150 | ७४४३९ | | | | | | | |

कम्पनीः KISHETY STYLE LADIES BEAUTY SALON CO. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०२/०६ चलानी नं.: ६०२३८१४७ LT.No.:324175 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 1 | सम्बन्धित काममा दक्ष | 150 | ७४४३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 5 | | 150 | ७४४३९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ४ गते (20 August 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd. Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497, Contact : 9849036098, 9823461212 (Ujjwal Raut)
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com


## बैदेशिक रोजगार विभाग, काठमाडौंको
## सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/४/२८

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त तपसिल बमोजिमका Lucky H.R. Solution Pvt. Ltd. (ई.प्र.नं.८७५/०६६/०६७) काठमाडौंको संचालक/शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरहरु दा. खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोहि कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सबुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साविकका शेयरधनीहरुको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम र शेयर संख्या |
|---|---|
| १. एमयस काप्री (०१-४५,०००) | १. एमयस काप्री (१-१,००,०००) |
| २. राजकुमार श्रेष्ठ (४५,००१-७०,०००) | |
| ३. ऋषिप्रसाद शर्मा (७०,००१-८५,०००) | |
| ४. मनिलाल गौतम (८५,००१-१,००,०००) | |


## युएईमा रोजगार

कम्पनीः NATIONAL CORPORATION FOR TOURISM & HOTELS शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८३/०४/२७ चलानी नं.: ६०२५९६०७ L.T. No.: 346089

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 20 | 0 | स. काममा दक्ष | 1200 | ४९,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chamber Man | 20 | 0 | | 1000 | ४१,५०० | | | | | | | |
| 3. | Cook | 20 | 0 | | 1500 | ६२,२५० | | | | | | | |
| 4. | Driver | 5 | 0 | | 1500 | ६२,२५० | | | | | | | |
| 5. | Gymtechnician | 5 | 0 | | 2000 | ८३,००० | | | | | | | |
| 6. | Kitchen And Laundry Foreman | 5 | 0 | | 2000 | ८३,००० | | | | | | | |
| 7. | Laundary Labour | 3 | 0 | | 1000 | ४१,५०० | | | | | | | |
| 8. | Laundry Labour | 2 | 0 | | 1000 | ४१,५०० | | | | | | | |
| 9. | Maintenance Supervisor | 5 | 0 | | 3500 | १४,५,२५० | | | | | | | |
| 10. | Pastry Maker | 25 | 0 | | 1500 | ६२,२५० | | | | | | | |
| 11. | Sandwich Maker | 10 | 0 | | 1500 | ६२,२५० | | | | | | | |
| 12. | Waiter/waitress | 40 | 0 | | 1500 | ६२,२५० | | | | | | | |
| 13. | Waitress | 0 | 40 | | 1500 | ६२,२५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ ४ गते (20 August 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob. : 980-3784885, 984-3834191,9709051745,982-7903113, 9801442878


## हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०२०३४ बमोजिम मिति २०७२/०६/११ मा दर्ता भएको **दर्ता नं. २९५** को **दहचोक सुन्दर समाज** को मिति २०८३/०४/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम दर्ता ऐन २०३४ को दफा २९ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः सन्दिप कुमार शाही, इजाजतपत्र नं. ६५२, फोन नं. ९८४४८१७६३३**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०४/२८**

यस कम्पनीको मिति २०८३।०४।२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **स्काई ईन हस्पिटालिटी प्रा.लि. (दर्ता नं. १२७७९१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **यती पार्टी प्यालेस एण्ड रेष्टुरेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकका खातावाला श्री रन बाहादुर बमको नाति, श्री मंगल बाहादुर बमका छोरा दोधारा चाँदनी न.पा. ०१, कञ्चनपुर बस्ने श्री दिपक बाहादुर बमको मिति वि.सं. २०८३/०३/०३ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०२९०११०४००००३४८ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतककी श्रीमती कुमारी संजिता चन्दले मिति २०८३/०४/२६ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सानिमा बैंक www.sanimabank.com

महेन्द्रनगर शाखा, कञ्चनपुर, फोन : ०९९ ५२१२४९/१६४

## काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२८**

यस सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई भुमिकास्थान न.पा. ७ घोराखोरीमा घाटगद्दी गरी राखिएको साल लगायत जातको गोलिया थान २७६ को काठ १३६४.६१ क्यू.फि र साल जातको दाउरा २.०० चट्टा र अन्य जातको ०.५ चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटीमा, डिभिजन वन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री घोराखोरी सामुदायिक बन उपभोक्ता समुह, भुमिकास्थान न.पा.०७ अर्घाखाँची**


## साउदीमा रोजगार

कम्पनी : Sumayya Bint Ibrahim Bin Abdullah Al-Khoufi General Contracting Est. शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०४/२६ चलानी नं.: ६०२५९५९४ L.T. No.: 346422

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver-Heavy Truck | 1 | 0 | स. काममा दक्ष | 1800 | ७३०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ४ गते (20 August 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Rightway Enterprises Pvt. Ltd. Govt.Lic.No.: 517/061/062
Aaloknagar Minbhawan-31 Kathmandu, Nepal
Tel : 01-4106275,4106276
Mob: 9823859301, 9702042120



## युएईमा रोजगार

कम्पनीः Marina Facilities Management LLC शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०६/३० चलानी नं.: ६०२४६१७५ L.T. No.:332512 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 147 | 0 | स. काममा दक्ष | 1000 | ४१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ४ गते (20 August 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S.P.M. OVERSEAS PVT.LTD. Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795, Contact No : 9843250196 (Menuka Shah)
Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com



## मलेसियामा रोजगार

कम्पनी : SOVEREIGN MARITIME SERVICES SDN. BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०७/२१ चलानी नं.: ६०२४७१३५ LT. No.: 333461 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security GuardWorker | 25 | 0 | स. काममा दक्ष | 1700 | ५८,०८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ४ गते (20 August 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Sky Star Recruitment Pvt.Ltd. श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345,9861482956 (Sabbir Ahmed Hussain)
PO Box no: 19122, Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com



## कतारमा रोजगारीको अवसर

कम्पनीः CONSTRUCTION DEVELOPMENT COMPANY LLC शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८३/०४/२७ चलानी नं.: ६०२५९६०१ LT. No.: 346401

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Builder | 25 | 0 | स. काममा दक्ष | 1200 | ५०१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ४ गते (20 August 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SRS OVERSEAS SERVICES PVT. LTD. इजाजत पत्र नं. २५२/०५८/०५९
Dhumbarahi- 4, Kathmandu, Nepal, Tel: +977-15925261, 01-15925261, 5925271, 9851050085(Krishna Sangraula), 9851174498(Suman Shrestha), 9869132809(Rohit Tolangi).Email: srsservices252@gmail.com,
info@srsoverseas.com.np, Web: www.srsoverseas.com.np


## सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**सूचना प्रकाशित मितिः २०८३/०४/२८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ **(पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्योहरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१) ऋणीः बिजय ट्रेडर्स**<br>दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, गुलरिया, बर्दिया<br>प्रा.फ.दर्ता नं.: ४५५/१४१, दर्ता मिति : २०६४/१०/१४<br>फर्मको ठेगाना : कालिका-०५ बर्दिया<br>पान नं.: ३०२८०४३१३<br><br>**प्रोप्राइटर/जमानतकर्ताको नामः बिनोद श्रेष्ठ**<br>बाबुको नाम : चन्द्र कुमार श्रेष्ठ<br>बाजको नाम : क्षत्र कुमार श्रेष्ठ<br>ठेगाना : कालिका-०५, बर्दिया<br>हाल : बढैयात-०८, बर्दिया<br>ना.प्र.नं.: १५३६०, जारी मिति :२०५८/०७/०५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया<br>**कर्जा लिएको शाखा : गुलरिया, बर्दिया** | **क) नामः चन्मटी श्रेष्ठ**<br>बाबुको नाम : भीम कुमार श्रेष्ठ<br>पतिको नाम : चन्द्र कुमार श्रेष्ठ<br>ससुराको नाम : क्षत्र कुमार श्रेष्ठ<br>ठेगाना : कालिका-०५, बर्दिया<br>हाल ठेगानाः बढैयाताल-०८, बर्दिया<br>ना.प्र.नं.: १८७७, जारी मिति : २०४६/०२/२५<br>जारी गर्ने कार्यालय : जि.का., बर्दिया<br><br>**ख) नाम : चन्द्र कुमार श्रेष्ठ**<br>बाबुको नाम : क्षत्र कुमार श्रेष्ठ<br>बाजेको नाम : हरि कुमार श्रेष्ठ<br>ठेगाना : जगतपुर-६, चितवन<br>हालः बढैयाताल-०८, बर्दिया<br>ना.प्र.नं.: ३५१०४५७, जारी मिति :२०३३/१०/०७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन |

**सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय बर्दियामा चन्द्र कुमार श्रेष्ठ नाममा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका-०५ स्थित कि.नं ८७३ को क्षेत्रफल १०१.५८ व.मी. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **२) ऋणीः हिरामणी शर्मा**<br>बाबुको नाम : डिल्ली प्रसाद शर्मा तिमल्सीना<br>बाजेको नाम : रविलाल तिमल्सीना<br>ठेगाना : कावासोती-०८, नवलपरासी<br>हालः कावासोती-०८, नवलपरासी (ब.सु.पू)<br>ना.प्र.नं.: ४२३८, जारी मिति : २०४८/०७/१२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी<br>**कर्जा लिएको शाखा : कावासोती, नवलपरासी**<br>**जमानतकर्ताको विवरण**<br>**क) नामः पार्वती शर्मा तिमिल्सीना**<br>बाबुको नामः निल प्रसाद चपाई<br>पतिको नाम : हिरामणी शर्मा<br>ससुराकोको नाम : डिल्ली प्रसाद शर्मा तिमल्सीना<br>ठेगाना : कावासोती-०८, नवलपरासी<br>हाल : कावासोती-०८, नवलपरासी (ब.सु.पू.)<br>ना.प्र.नं.: १८०७३, जारी मितिः २०५४/०५/३१<br>जारी गर्नेकार्यालय : जि.प्र.का., नवलपरासी | **ख) नामः रन्जन तिमिल्सिना**<br>बाबुको नाम : हिरामणी शर्मा<br>बाजेको नाम : डिल्ली प्रसाद शर्मा तिमल्सीना<br>ठेगाना : कावासोती-०८, नवलपरासी<br>हाल : कावासोती-०८, नवलपरासी (ब.सु.पू.)<br>ना.प्र.नं.: ३६२०१६/९११४<br>जारी मितिः २०७३/०४/३२<br>जारी गर्नेकार्यालय : जि.प्र.का., नवलपरासी<br><br>**ग) नाम : रोशन तिमिल्सिना**<br>बाबुको नाम : हिरामणी शर्मा<br>बाजेको नाम : डिल्ली प्रसाद शर्मा तिमल्सीना<br>ठेगानाः कावासोती-०८, नवलपरासी<br>हालः कावासोती-०८, नवलपरासी (ब.सु.पू.)<br>ना.प्र.नं.: ३६२०१६/९०६४, जारी मितिः २०७३/०४/१८<br>जारी गर्नेकार्यालय : जि.प्र.का., नवलपरासी |

**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय कावासोतीमा हिरामणी शर्माको नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला कावासोती -०५, स्थित कि.नं. ३३०२ को क्षेत्रफल ९७.३६ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

# नेपाली महिलालाई नागोया महिला म्याराथनमा सहभागी हुने अवसर

**काठमाडौं/मस–** जापानमा आयोजना हुने विश्वकै सबैभन्दा ठूलो महिला मात्र सहभागी हुने म्याराथन 'नागोया वुमेन्स म्याराथन २०२७' मा नेपाली महिला धाविकाले पनि सहभागिता जनाउन पाउने भएका छन्। प्रतियोगिताको अन्तर्राष्ट्रिय सहभागिताका लागि आवेदन मंगलबारदेखि खुला भएको छ।

गिनिज वर्ल्ड रेकर्डबाट विश्वकै ठूलो 'अल-वुमन म्याराथन'का रूपमा प्रमाणित नागोया वुमेन्स म्याराथन आगामी मार्च १४ मा जापानको आइची प्रान्तस्थित नागोयामा आयोजना हुँदैछ। विश्व एथलेटिक्सको 'प्लाटिनम लेबल रोड रेस'समेत रहेको प्रतियोगितामा विश्वस्तरीय धाविकासँगै पहिलोपटक म्याराथन दौडनेदेखि व्यक्तिगत उत्कृष्ट समयको लक्ष्य राख्ने धाविकासम्मले सहभागिता जनाउनेछन्।

आयोजकले सन् २०२७ का लागि प्रतियोगिताको क्षमता २ हजारले बढाएर २२ हजार धाविका पुऱ्याएको छ। ४२.१९५ किलोमिटरको एउटै दूरीमा १९ वर्षदेखि ८० वर्ष उमेर समूहसम्मका महिलाले आफ्नै लक्ष्यसहित दौडनेछन्।

नागोया वुमेन्स म्याराथनको विशेष आकर्षणमध्ये हरेक 'फिनिसर'ले पाउने विशेष पुरस्कार पनि हो। दौड पूरा गर्ने प्रत्येक धाविकालाई फ्रान्सेली लक्जरी ब्रान्ड बाकारातले प्रतियोगिताका लागि तयार पारेको विशेष क्रिस्टल टम्बलर प्रदान गरिन्छ। सन् २०२७ को टम्बलरको डिजाइन भने दौडको अघिल्लो दिन आयोजना हुने म्याराथन एक्स्पोमा सार्वजनिक गरिनेछ।

प्रतियोगिताले महिला धाविकालाई सुरक्षित र सहज वातावरण उपलब्ध गराउने उद्देश्यले पर्याप्त चिकित्सकीय सहायता, ठूलो संख्यामा सफा शौचालय र फराकिलो चेन्जिङ सुविधाको व्यवस्था गर्दै आएको छ। सात घण्टाको समयसीमा, तुलनात्मक रूपमा समथर दौडमार्ग तथा एउटै स्थानबाट सुरु र समाप्त हुने व्यवस्थाले नयाँ धाविकालाई समेत सहज बनाउने आयोजकको भनाइ छ।

दौडको सुरुवात र समापन भेन्टेलिन डोम नागोयामा हुनेछ। यो ढाकिएको बेसबल रंगशाला भएकाले मौसम प्रतिकूल भए पनि धाविकालाई केही हदसम्म सुरक्षित वातावरण उपलब्ध हुन्छ। सन् २०२६ को संस्करणमा ९६.६ प्रतिशत सहभागीले दौड पूरा गरेका थिए।

म्याराथन सप्ताहन्तमा धाविकासँगै परिवार तथा समर्थकका लागि पनि विभिन्न कार्यक्रम आयोजना हुनेछन्। शुक्रबारदेखि सुरु हुने म्याराथन एक्स्पोमा 'गो रनवे' फेसन शो तथा लोकप्रिय गायक-गायिकाको विशेष प्रस्तुति लगायतका कार्यक्रम हुनेछन्।

महिलाका लागि मुख्य म्याराथन आयोजना भइरहँदा पुरुष धावकलाई पनि सोही दिन हुने नागोया सिटी म्याराथनमा सहभागी हुने अवसर छ। पुरुषसहित अन्य इच्छुक धावकले हाफ म्याराथन वा ८.५ किलोमिटरको नागोया रनमा भाग लिन सक्नेछन्।

# एसिसी प्रिमियर कपमा नेपालको पहिलो प्रतिद्वन्द्वी बहराइन

**काठमाडौं/मस–** मलेसियामा आयोजना हुन लागेको एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताको खेल तालिका परिमार्जन गरिएको छ। यसअघि १ सेप्टेम्बरका लागि तय गरिएको नेपालको पहिलो खेल अब ३१ अगस्टमा सारिएको छ।

समूह 'ए' मा रहेको नेपालले पहिलो खेलमा बहराइनसँग प्रतिस्पर्धा गर्नेछ। यस समूहमा नेपालसँगै बहराइन, हङकङ, आयोजक मलेसिया र साउदी अरेबिया रहेका छन्। यस्तै, समूह 'बी' मा यूएई, ओमान, कुवेत, कतार र सिंगापुर समावेश छन्।

परिमार्जित तालिका अनुसार नेपालले दोस्रो खेल ३ सेप्टेम्बरमा मलेसियासँग, तेस्रो खेल ६ सेप्टेम्बरमा साउदी अरेबियासँग र समूह चरणको अन्तिम खेल ८ सेप्टेम्बरमा हङकङसँग खेल्नेछ। समूह चरण समाप्त भएपछि दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। त्यसपछि तेस्रो स्थानका लागि खेल तथा फाइनल आयोजना हुनेछ। प्रतियोगिता ओडिआई फर्म्याटमा सञ्चालन हुनेछ र विजेता टोलीले आगामी वर्ष हुने एसिया कपमा स्थान सुरक्षित गर्नेछ। साथै शीर्ष प्रदर्शन गर्ने टोलीहरूलाई सन् २०२७ को एसिया कप छनोटका लागि पनि अवसर रहनेछ।

यस प्रतियोगिताका लागि नेपालले सन्दीप लामिछानेको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गरिसकेको छ। टोलीमा रोहितकुमार पौडेल, आसिफ शेख, अर्जुन कुमाल, देव खनाल, दीपेन्द्रसिंह ऐरी, बसिर अहमद, इसान पाण्डे, गुल्सनकुमार झा, शेर मल्ल, ललितनारायण राजवंशी, करण केसी, हेमन्त धामी र सन्दीप जोरा रहेका छन्।

एसिसी प्रिमियर कप अगस्ट ३० देखि सेप्टेम्बर १२ सम्म मलेसियामा सञ्चालन हुनेछ।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बागलुङका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित २०८३/०४/२८ गते बिहिबारको मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले विभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४३ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय बागलुङ**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०६/०८ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय बागलुङ**मा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइछ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य तथा आपूर्ति व्यवस्था विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, बागलुङमा प्राइभेट फर्म रेजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मिति २०६७/०७/०९ गते प्रा.फ.र.नं. ७२८/०६७/०६८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, पोखरा, कास्कीबाट मिति २०६७/०७/०९ मा करदाताको नाम उमा नाथ शर्मा कारोवारको नाम टच एण्ड टच बलेवा फेन्सी स्टोर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००१४७४९३ को प्रमाणपत्र प्राप्त **टच एण्ड टच बलेवा फेन्सी स्टोर्स** ।
फर्मको ठेगाना : बागलुङ जिल्ला, बागलुङ न.पा., वडा नं. २, लालीगुरँस चोक ।

| | |
|---|---|
| **प्रोप्राईटर तथा जमानतकर्ता : उमा नाथ शर्मा** (ना.प्र.नं. १३६७/२०५, जारी मिति २०४८/०७/०६, प्रतिलिपि जारी मिति २०७३/०१/०८, जारी गर्ने कार्यालय जि.प्र.का. बागलुङ) ।<br>ठेगाना : बागलुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. २ (साविक अमलाचौर गा.वि.स., वडा नं. ८) ।<br>बाबु : धनन्जय शर्मा । बाजे : प्रजापति पाध्या । | **जमानतकर्ता : विन्दु शर्मा** (ना.प्र.नं. ६८७४, जारी मिति २०६०/११/०८, जारी गर्ने कार्यालय जि.प्र.का. बागलुङ) ।<br>ठेगाना : बागलुङ जिल्ला, बाग्लुङ न.पा., वडा नं. २ (साविक अमलाचौर गा.वि.स., वडा नं. ८) ।<br>बाबु : गोविन्द उपाध्याय ।<br>पति/ससुरा : उमा नाथ शर्मा/धनन्जय शर्मा । |
| **ऋणी : उमा नाथ शर्मा** (ना.प्र.नं. १३६७/२०५, जारी मिति २०४८/०७/०६, प्रतिलिपि जारी मिति २०७३/०१/०८, जारी गर्ने कार्यालय जि.प्र.का. बागलुङ) ।<br>ठेगाना : बागलुङ जिल्ला, बाग्लुङ न.पा. वडा नं. २ (साविक अमलाचौर गा.वि.स., वडा नं. ८) ।<br>बाबु : धनन्जय शर्मा ।, बाजे : प्रजापति पाध्या । | **जमानतकर्ता : विन्दु शर्मा** (ना.प्र.नं. ६८७४, जारी मिति २०६०/११/०८, जारी गर्ने कार्यालय जि.प्र.का. बागलुङ) ।<br>ठेगाना : बागलुङ जिल्ला, बाग्लुङ न.पा., वडा नं. २ (साविक अमलाचौर गा.वि.स., वडा नं. ८) ।<br>बाबु : गोविन्द उपाध्याय ।<br>पति/ससुरा : उमा नाथ शर्मा/धनन्जय शर्मा । |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**
१. **विन्दु शर्मा**को नाममा मालपोत कार्यालय बागलुङ, बागलुङमा दर्ता श्रेष्ता कायम रहेको बागलुङ जिल्ला, कालिका गा.वि.स., वडा नं. १, नक्सा सिट नं. १ स्थित कित्ता नं. १२००, क्षेत्रफल ०-४-०-० (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात............... १
२. ऋणी **टच एण्ड टच बलेवा फेन्सी स्टोर्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ... १

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बागलुङ**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बागलुङ**मा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

## नबिल बैंक लिमिटेड, विराटनगर शाखा, मोरङ्गको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८३/०४/२८)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/१०/२२ को आर्थिक अभियान पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानुन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **सात (७) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा विराटनगर शाखा, मोरङ्ग**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ । यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**१**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९-०९-२० मा दर्ता नं. ३०४९२४/०७९/०८० अन्तर्गत दर्ता भएको **मेगाटेक सोलुसन प्रा.लि.** ।
ठेगाना: मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ०२, तिनपैनी चौक ।

**कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण:**

१. सत्य नारायण धनावतको नाति, हरि प्रसाद धनावतको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने ना.प्र.नं. १३०८८ (जारी मिति: २०६६/०१/१६, स्थान मोरङ्ग) भएको **आशिष धनावत** ।
२. राजेश अग्रवालकी छोरी, हरि प्रसाद धनावतकी बुहारी, आशिष धनावतकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने ना.प्र.नं. ०५-०१-८०-१०५२४ (जारी मिति: २०८०-०५-०४, स्थान मोरङ्ग) भएकी **परिधी अग्रवाल** ।

**धितोको विवरण**

मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने, **परिधी अग्रवाल** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला बखरी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं ९क मा अवस्थित कि.नं. २५४३, २५४४ र २५४७ क्षेत्रफल क्रमशः ०-०-१५-०, ०-३-२-० र ०-४-५-३ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**२**

**ऋणी कम्पनीको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०८०-०५-०६ मा दर्ता.नं. ३१७८५५/०८०/०८१ अन्तर्गत दर्ता भएको **श्रीहरी फुड्स प्रा.लि.** ।
ठेगाना: मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२, तिनपैनी ।

**कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. सत्य नारायण धनावतकी नातिनि, हरि प्रसाद धनावतकी छोरी, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०३ बस्ने ना.प्र.नं. ८६२४७ (जारी मिति: २०६४-०८-१०, स्थान मोरङ्ग) भएकी **यशोदा धनावत** ।
२. सत्य नारायण धनावतको नाति, हरि प्रसाद धनावतको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने ना.प्र.नं. १३०८८ (जारी मिति: २०६६/०१/१६, स्थान मोरङ्ग) भएको **आशिष धनावत** ।
३. राजेश अग्रवालकी छोरी, हरि प्रसाद धनावतकी बुहारी, आशिष धनावतकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने ना.प्र.नं. ०५-०१-८०-१०५२४ (जारी मिति: २०८०-०५-०४, स्थान मोरङ्ग) भएकी **परिधी अग्रवाल** ।

**३**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रशन ऐन २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, विराटनगरमा मिति २०७३/०६/२० मा प्रा.फा.नं. २८७०० अन्तर्गत दर्ता भएको **एच. डी. ट्रेडिङ्ग कन्सर्न** ।
ठेगाना: मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०३ ।
**ऋणी फर्मका प्रोप्राइटर:**
सत्य नारायण धनावतको नाति, हरि प्रसाद धनावतको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने ना.प्र.नं. १३०८८ (जारी मिति: २०६६/०१/१६, स्थान मोरङ्ग) भएको **आशिष धनावत** ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. सत्य नारायण धनावतकी नातिनि, हरि प्रसाद धनावतकी छोरी, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०३ बस्ने ना.प्र.नं. ८६२४७ (जारी मिति: २०६४-०८-१०, स्थान मोरङ्ग) भएकी **यशोदा धनावत** ।
२. राजेश अग्रवालकी छोरी, हरि प्रसाद धनावतकी बुहारी, आशिष धनावतकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने ना.प्र.नं. ०५-०१-८०-१०५२४ (जारी मिति: २०८०-०५-०४, स्थान मोरङ्ग) भएकी **परिधी अग्रवाल** ।

**मेगाटेक सोलुसन प्रा.लि., एच.डी. ट्रेडिङ्ग कन्सर्न र श्रीहरी फुड्स प्रा.लि.को संयुक्त धितोको विवरण**

मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने, **परिधी अग्रवाल** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला बबियाबिर्ता गा.वि.स. वडा नं. ३ नक्सा सिट नं ३ट मा अवस्थित कि.नं. ७०, २९९, ६९, २८२ र २८३ क्षेत्रफल क्रमशः १-९-५-०, ०-१-०-०, ०-५-५-०, १-५-५-० र १-६-५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**४**

**ऋणीको नाम र ठेगानाको विवरण**

सत्य नारायण धनावतको नाति, हरि प्रसाद धनावतको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने ना.प्र.नं. १३०८८ (जारी मिति: २०६६/०१/१६, स्थान मोरङ्ग) भएको **आशिष धनावत** ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

सत्य नारायण धनावतकी नातिनि, हरि प्रसाद धनावतकी छोरी, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०३ बस्ने ना.प्र.नं. ८६२४७ (जारी मिति: २०६४-०८-१०, स्थान मोरङ्ग) भएकी **यशोदा धनावत** ।

**एच.डी. ट्रेडिङ्ग कन्सर्न र आशिष धनावतको संयुक्त धितोको विवरण**

मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ०२ बस्ने, **आशिष धनावत** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला कन्चनवारी गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३ख मा अवस्थित कि.नं. २२३३ र २२३० क्षेत्रफल क्रमशः ०-३-१-० र ०-७-६-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा विराटनगर शाखा, मोरङ्ग**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०५/०३ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा विराटनगर शाखा, मोरङ्ग**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०५/०४ गते ४:०० बजे बैंकको **विराटनगर शाखा,** मोरङ्गमा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहादैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा विराटनगर शाखा, मोरङ्ग**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/१२/०२ मा दर्ता भएको **प्रा. लि. नं. १३३४७६** को श्री **त्रिनिटी सेल्समार्ट डिपार्टमेण्ट स्टोर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२८**

मिति २०८३/०३/१० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बिज्ञाती होटल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्योहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल दरबार इन्न प्रा. लि (प्रा. लि. नं.: १०६३५२)** कायम गर्ने गरी मिति २०८३/०३/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

पदम बहादुर तामाङ्गको नाति, सरण बहादुर तामाङ्गको छोरा, भोजपुर जिल्ला, अरुण गा.पा. वडा नं. ६ बस्ने यस बैंकको हिले शाखा कार्यालयको खातावाला फुर्वा तामाङ्गको मिति २०८२/०६/२० मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी मिना तामाङ्गले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

बुद्धि लाल राईको छोरी, कृष्ण कुमार राईको बुहारी तथा सुर्य कुमार राईको पत्नी, भोजपुर जिल्ला, भोजपुर न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ११ बस्ने यस बैंकको धरान शाखा कार्यालयको खातावाला जतन कुमारी राईको मिति २०८३/०४/०२ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरी संगिता राईले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/१०/१६ मा दर्ता भएको **प्रा. लि. नं. २३३४३८** को **रेजिना इन्टरटेन्मेन्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/११/२६ मा दर्ता भएको **प्रा. लि. नं. १६५१२९** को **त्रिशक्ति काष्ठ उद्योग प्रा. लि.** को मिति २०८३/०३/२४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः कुमार गुरुङ, इजाजत पत्र नं. ५२१, त्रिपुरेश्वर, काठमाडौं, ९८४१८६१६३०**

**मलेसियामा रोजगार**
कम्पनीः MY ASIA BIRD NEST SDN BHD
पूर्व स्वीकृत मितिः २०८२/१०/०७ चलानी नं.: ६०२५०९०२ LT. No.:337423
शहरः JALAN
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 13 | 0 | स. काममा दक्ष | 1700 | ६३,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन ४ गते (20 August 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AL-Moon Overseas Pvt. Ltd.
Govt. License No: 992/068/069
Al-Moon Overseas Pvt. Ltd
Tokha-5, Basundhara, Kathmandu, Nepal, Phone: +977-1-4989718, 4989719
Email:info@almoonmanpower.com | Web: www.almoonmanpower.com
Contact Number : 9851329431

आर्थिक
www.madhyanhadaiy.com

ग्रा.हु.का.द.नं. ३३/०६९/०७०

२८ साउन २०८३ बिहीबार
13 August 2026 Thursday

नाइमा एक्स्पो

# दुई दिनमा ५५ हजारले गरे अवलोकन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन

भृकुटीमण्डपमा मंगलबारदेखि सुरु भएको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६'मा अवलोकनकर्ताको उल्लेख्य सहभागिता देखिएको छ । नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले आयोजना गरेको एक्स्पोको दोस्रो दिन पनि अवलोकनकर्ताको उपस्थिति बढेको हो ।

मेलास्थल पुगेका अवलोकनकर्ताले आफूलाई मनपरेका कार छानी-छानी बुक गरिरहेको पाइएको छ । एक्स्पोमा सहभागी कम्पनीहरूका अनुसार महँगा र सस्ता कार तथा मोटरसाइकलमा अवलोकनकर्ताको समान रुचि देखिएको छ ।

मेलामा ठुलो संख्यामा मानिसहरूले कैयौं ब्रान्डका गाडी चढेर सुविधाबारे र बुझिरहेकाहरू थिए । अवलोकनकर्ताले खासगरी ब्याट्री क्षमता, मोटर, रेन्ज, आफ्टर सेल्स सर्भिसलगायत विषयमा चासो राखेका छन् । कम्पनीहरूले पनि ग्राहक आकर्षित गर्न विभिन्न सुविधा उपलब्ध गराएका छन् । उनीहरूले मूल्यमा छुट, एक वर्षको बिमा, एक वर्षको सवारी कर, फ्रि सर्भिसिङ, न्यून दरमा कर्जाजस्ता सुविधा दिएका छन् ।

दोस्रो दिन पनि विभिन्न ब्रान्डका चार नयाँ मोडल सार्वजनिक भएका छन् । पहिलो दिन मंगलबार विभिन्न ब्रान्डले ४८ नयाँ मोडलका सवारीसाधन सार्वजनिक गरेका थिए । त्यस्तै, आज २६ हजारभन्दा बढीले मेला अवलोकन गर्ने अपेक्षा गरिएको छ । उद्घाटनको दिन मंगलबार २ ९ हजारभन्दा बढीले मेला अवलोकन गरेका थिए । मेला अवधिभरमा करिब डेढ लाखले अवलोकन गर्ने अपेक्षा गरिएको छ ।

# डोङफेङका २ बस सार्वजनिक

**काठमाडौं/मस–** हिमालय अर्गनाइजेसनअन्तर्गतको आयाम इन्टरकन्टिनेन्टलले चीनको प्रतिष्ठित अटोमोबाइल कम्पनी डोङफेङद्वारा उत्पादित दुईवटा बस नेपालमा सार्वजनिक गरेको छ । नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६मा कम्पनीले ७.२ मिटर लम्बाइका दुई मोडलका बस सार्वजनिक गरेको हो । सार्वजनिक गरिएका बसमध्ये एउटा २५ प्लस १ सिट र अर्को २७ प्लस १ सिट क्षमताको रहेको छ । यी बसको मूल्य १ करोड १४ लाख रुपैयाँदेखि सुरु हुने जनाइएको छ । एक्स्पोमा बुकिङ गर्ने पहिलो ५० ग्राहकलाई ५ लाख रुपैयाँ विशेष छुट उपलब्ध गराइने कम्पनीले जनाएको छ । सन् १९६९मा स्थापना भएको डोङफेङ चीनका प्रमुख अटोमोबाइल उत्पादकमध्ये एक हो । कम्पनीले यात्रुवाहक तथा व्यावसायिक सवारी, बस, ट्रक, विद्युतीय सवारीसाधन र विभिन्न अटोमोबाइल पार्टपुर्जा उत्पादन गर्दै आएको छ । डोङफेङका उत्पादन विश्वका १०० भन्दा बढी देशमा निर्यात हुँदै आएका छन् । हिमालय अर्गनाइजेसनले यसअघि भारतको फोर्स मोटर्स तथा चीनको एसएआइसी ग्रुपअन्तर्गतको म्याक्ससका सवारीसाधन नेपालमा बिक्री गर्दै आएको छ । नेपालमा विद्युतीय सार्वजनिक यातायातको माग बढ्दै गएको र सरकारले पनि विद्युतीय सवारीलाई प्राथमिकता दिन थालेको अवस्थामा डोङफेङका बस नेपाल ल्याइएको कम्पनीले जनाएको छ । ग्राहकको आवश्यकताअनुसार बसमा एसी, लक्जरी सिट तथा थप प्रवेशद्वार जडान गर्न सकिने कम्पनीले जनाएको छ । दुईवटा प्रवेशद्वार राख्दा दुई सिट घट्ने व्यवस्था रहेको बताइएको छ । डोङफेङका बसमा ५ वर्ष वा २ लाख किलोमिटरसम्मको वारेन्टी उपलब्ध गराइएको छ । ग्राहकले थप तीन वर्षको एक्स्टेन्डेड वारेन्टीसमेत खरिद गर्न सक्नेछन् । कम्पनीले निकट भविष्यमै ८.२ मिटरका स्कुल बस, ९ मिटरका ३८ सिटे तथा १२ मिटरका ५२ सिटे बस नेपाल ल्याउने तयारी गरेको जनाएको छ । ती मोडलको मूल्य र प्राविधिक विवरण भने पछि सार्वजनिक गरिने बताइएको छ ।

# हदबन्दीका कारण २ हजार घर-फ्ल्याटको पास ठप्प

**काठमाडौं/मस–** नागरिकलाई व्यवस्थित आवास उपलब्ध गराउने, पूर्वाधार विकास गर्ने र राज्यको ढुकुटीमा ठुलो परिमाणमा राजस्व बुझाएर अर्थतन्त्रलाई चलायमान बनाउने घरजग्गा (रियल इस्टेट) क्षेत्रमाथि राज्यले कस्तो नीति लिइरहेको छ ? विकास प्राधिकरणबाट स्वीकृति लिएर, बैंकबाट करोडौं/अर्बौं ऋण काढेर र सर्वसाधारणबाट बैना बुझेर निर्माण गरिएका आयोजनालाई नीतिको दोहोरो चरित्र देखाएर रोक्नु कत्तिको न्यायसंगत हो ? सरकारका निर्णय र नीतिकै कारण आज अर्बौं रुपैयाँ लगानी गरेका व्यवसायी नियत सफा हुँदाहुँदै पनि ठगीको आरोपमा जेल जाने जोखिममा परेका छन् ।

जग्गाको हदबन्दीसम्बन्धी अस्पष्ट कानुनी व्यवस्थाका कारण काठमाडौं उपत्यकासहित देशका विभिन्न क्षेत्रमा करिब २ हजार फ्ल्याट, घर तथा घडेरीको स्वामित्व हस्तान्तरण (पास) रोकिएको छ ।

नेपाल घरजग्गा आवास विकास महासंघले रियल इस्टेट कम्पनीहरूले विकास गरेका तथा बिक्रीका लागि सम्झौता भइसकेका सम्पत्तिसमेत कानुनी अड्चनका कारण खरिदकर्ताका नाममा हस्तान्तरण हुन नसकेको जानकारी दिएको छ । महासंघका पूर्वअध्यक्ष भेषराज लोहनीका अनुसार, २०७६ सालमा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (अनलाइन सिस्टम) कार्यान्वयनमा आएपछि तोकिएको हदभन्दा बढी जग्गा खरिद-बिक्रीमा कडाइ गरिएकाले यो समस्या उत्पन्न भएको हो ।

२०७६ अघिसम्म मालपोत कार्यालयबाटै रियल इस्टेट कम्पनीलाई हदबन्दी नलाग्ने अभ्यासअनुरूप एउटै लिखतमा ५० रोपनीसम्म जग्गा खरिद-बिक्री हुने गरेको थियो । तर, अनलाइन प्रणाली लागू भएपछि प्रणालीले नै तोकिएको हदभन्दा बढी देखिने जग्गाको पास प्रक्रिया रोकिदिएको छ । यसबाट बैना दिइसकेका वा पूरा रकम तिरिसकेका खरिदकर्ता आफ्नो नाममा सम्पत्ति पास नहुँदा चिन्तित बनेका छन् भने व्यवसायी बैंक ऋणको निरन्तर ब्याज तिर्न बाध्य भएका छन् । लोहनीका अनुसार, २५ देखि ३० वटा कम्पनीका करिब ५ हजार युनिटमध्ये करिब २ हजार युनिट बिक्री भई वा बैना भई पास हुन बाँकी अवस्थामा अड्किएका छन् ।

समयमै पास गरिदिन नसक्दा खरिदकर्ताले उजुरी गर्ने र व्यवसायीमाथि ठगीको आरोपमा कानुनी कारबाही वा हिरासतमा पर्न सक्ने जोखिम बढेको व्यवसायीको भनाइ छ । 'सिई कन्स्ट्रक्सन'जस्ता ३० वर्ष पुराना स्थापित अग्रणी कम्पनी पनि मारमा राज्यको यही हठ र अव्याहारिक नीतिको प्रत्यक्ष मारमा परेको छ, ३० वर्षको गौरवशाली इतिहास बोकेको नेपालको प्रसिद्ध एवं अग्रणी निर्माण कम्पनी 'सिई कन्स्ट्रक्सन प्रालि' काठमाडौंसहित देशका प्रमुख सहरमा रियल इस्टेट र पूर्वाधार निर्माणमा नेतृत्वदायी भूमिका खेलिरहेको यो आइएसओ सर्टिफाइड कम्पनीले स्थापनाको ३० वर्षमा सयौं ठुला आयोजना सम्पन्न गरिसकेको छ ।

हाल ३० भन्दा बढी जोइन्ट भेन्चरमार्फत देशभर दर्जनौं ठुला प्रोजेक्टमा कार्यरत र हालै ३०औं वार्षिकोत्सवका अवसरमा १० देखि ३० वर्षसम्म सेवा गरेका १२६ जना पुराना कर्मचारीलाई नगदसहित सम्मान गरेको यो स्थापित कम्पनीसमेत राज्यकै नीतिका कारण मारमा परेको छ ।

लाखौंलाई रोजगारी दिने र राज्यलाई अर्बौं रुपैयाँ राजस्व बुझाउने सिई कन्स्ट्रक्सनजस्ता पारदर्शी कम्पनीले बनाएका घर-अपार्टमेन्ट पास हुन नदिँदा एकातिर व्यवसायीको अर्बौं पुँजी रोकिएको छ भने अर्कातिर राज्य आफैंले पाउने ठुलो परिमाणको राजस्वसमेत गुमाइरहेको छ ।

महासंघका अध्यक्ष विष्णु घिमिरेले काठमाडौं उपत्यका विकास प्राधिकरणबाट स्वीकृति लिएर व्यवसाय सञ्चालन गरेका रियल इस्टेट कम्पनीलाई यो हदबन्दीको दायराबाट बाहिर राख्ने गरी भूमिसम्बन्धी ऐनमा तत्काल संशोधन गर्न सरकारसँग माग गरे । रियल स्टेट व्यवसायीले घरजग्गा तथा आवास क्षेत्रका दीर्घकालीन समस्या समाधानका लागि सरकारसमक्ष विभिन्न सुझाव अगाडि सारेका छन् ।

# मुक्तिनाथ विकास बैंकद्वारा नाइमा एक्स्पोलक्षित ब्याजदरमा अटो लोन सार्वजनिक

**काठमाडौं/मस–** मुक्तिनाथ विकास बैंकले नाइमा एक्स्पो २०२६ लाई लक्षित गर्दै ग्राहकका लागि आकर्षक अटो लोन योजना सार्वजनिक गरेको छ । बैंकले यस योजनाअन्तर्गत बेस रेटमा शून्य प्रतिशतको विशेष ब्याजदरमा अटो लोन उपलब्ध गराउने घोषणा गरेको हो । यस योजनाअन्तर्गत हाल बैंकको अटो लोनको ब्याजदर ५.५७ प्रतिशत कायम गरिएको छ । नाइमा एक्स्पो २०२६को अवसरलाई लक्षित गरी ल्याइएको यो विशेष ब्याजदर योजना भदौ मसान्त २०८३ सम्म लागू हुनेछ । उक्त अवधि समाप्त भएपछि बैंकको प्रचलित सामान्य ब्याजदर लागू हुने बैंकले जनाएको छ । ग्राहकको कर्जा आवेदन तथा आवश्यक सम्पूर्ण कागजात पूरा भएको अवस्थामा बैंकले २४ घण्टाभित्र अटो लोन उपलब्ध गराउने व्यवस्था गरेको छ । यसले ग्राहकलाई आफ्नो रोजाइको सवारीसाधन खरिद गर्न सहज, छिटो र सरल कर्जा सुविधा प्राप्त गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ । नाइमा एक्स्पोमा सहभागी हुने तथा नयाँ सवारीसाधन खरिद गर्न इच्छुक ग्राहकले यस विशेष योजनाबाट लाभ लिन सक्नेछन् । मुक्तिनाथ विकास बैंकले ग्राहकको आवश्यकता र बदलिँदो बजार परिवेशअनुरूप सरल, सहज तथा प्रतिस्पर्धी वित्तीय सेवा उपलब्ध गराउँदै आएको छ । यस विशेष अटो लोन योजनाले नयाँ सवारीसाधन खरिद गर्न चाहने ग्राहकलाई थप सुविधा र अवसर प्रदान गर्ने बैंकको अपेक्षा रहेको छ ।

# गरिमा सुवर्ण योजनाको नियमित बिक्री तथा कारोबार अनलाइनबाट

**काठमाडौं/मस–** गरिमा विकास बैंक लिमिटेडको प्रवर्धन तथा गरिमा क्यापिटल लिमिटेडको व्यवस्थापनमा सञ्चालित सामूहिक लगानी कोष 'गरिमा म्युचुअल फन्ड' अन्तर्गतको पहिलो खुलामुखी योजना 'गरिमा सुवर्ण योजना'को इकाईहरूको नियमित बिक्री, पुनर्खरिद तथा अनलाइन दर्ता एवं कारोबार प्रणाली सञ्चालनमा आएको छ । लगानीकर्तालाई सहज, सुरक्षित तथा प्रविधिमैत्री सेवा उपलब्ध गराउने उद्देश्यका साथ मंगलबारदेखि यो प्रणाली औपचारिक रूपमा सञ्चालनमा ल्याइएको हो । नयाँ सञ्चालनमा आएको अनलाइन प्रणालीमार्फत लगानीकर्ताले इकाई खरिदका लागि आवेदन तथा रकम भुक्तानी, व्यवस्थित लगानी योजना दर्ता तथा यसको किस्ता भुक्तानी, लाभांश पुनर्लगानी योजना दर्ता, प्रणालीको दर्ता, लगइन तथा प्रोफाइल व्यवस्थापन र इकाई पुनर्खरिद, व्यवस्थित लगानी योजना संशोधन तथा व्यवस्थित लगानी योजना रद्द गर्ने सुविधा डिजिटल माध्यमबाटै लिन सक्ने क्यापिटलले जनाएको छ । यीबाहेकका अन्य थप अनलाइन सुविधा पनि क्रमशः परिमार्जन गर्दै थपिने योजना व्यवस्थापकले जनाएको छ ।

कोष प्रवर्द्धक: गरिमा विकास बैंक लिमिटेड Garima Bikas Bank Limited
योजना व्यवस्थापक: गरिमा क्यापिटल लिमिटेड Garima Capital Limited

अनलाइन सुविधाका अतिरिक्त, लगानीकर्ताले कमलपोखरी, काठमाडौंमा रहेको योजना व्यवस्थापक गरिमा क्यापिटल लिमिटेडको कार्यालय तथा गरिमा विकास बैंक लिमिटेडका देशभर फैलिएका शाखा कार्यालयमा भौतिक रूपमा उपस्थित भएर पनि योजनासँग सम्बन्धित सम्पूर्ण सेवा प्राप्त गर्न सक्नेछन् ।

# राष्ट्रिय सहकारी बैंकको वित्तीय सुधार, पुँजी पर्याप्तता ११.६६ प्रतिशत

**ललितपुर/मस–** राष्ट्रिय सहकारी बैंकले आर्थिक वर्ष २०८२/८३को चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण बुधबार सार्वजनिक गर्दै वित्तीय सुधारको यात्रामा महत्वपूर्ण उपलब्धि हासिल गरेको जनाएको छ । विशेषगरी बैंकको पुँजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम ८ प्रतिशतको सीमाभन्दा माथि पुग्दै ११.६६ प्रतिशत कायम भएको छ । जुन बैंकको वित्तीय स्थायित्व र जोखिम वहन क्षमतामा आएको उल्लेखनीय सुधारको सूचक हो । अघिल्लो त्रैमाससम्म ४.४२ प्रतिशतमा सीमित रहेको पुँजी पर्याप्तता अनुपात छोटो अवधिमै ११.६६ प्रतिशतमा पुग्नु बैंकका लागि महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ । यसले बैंकले विगतका चुनौती पार गर्दै आफ्नो पुँजी आधार मजबुत बनाउने दिशामा उल्लेखनीय प्रगति गरेको देखाउँछ । वित्तीय विवरणअनुसार बैंकले चौथो त्रैमाससम्म करिब ४९ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको छ । अघिल्लो आर्थिक वर्षमा घाटामा रहेको बैंक चालु वर्षमा नाफामा फर्कन सफल भएको हो । खुद ब्याज आम्दानी पनि उल्लेखनीय रूपमा वृद्धि भई ८७ करोड रुपैयाँभन्दा बढी पुगेको छ, जसले बैंकको मुख्य व्यवसायिक गतिविधिमा सुधार आएको संकेत गर्दछ । बैंकको सञ्चालन आम्दानी र सञ्चालन नाफामा समेत सकारात्मक वृद्धि देखिएको छ । वित्तीय आधार मजबुत बन्दै जाँदा बैंकको समग्र कार्यसम्पादनमा सुधार देखिएको व्यवस्थापनको भनाइ छ । बैंकले खराब कर्जा नियन्त्रण, कर्जा असुलीलाई थप प्रभावकारी बनाउने, जोखिम व्यवस्थापन प्रणाली सुदृढ गर्ने तथा सुशासनलाई संस्थागत रूपमा अझ बलियो बनाउने रणनीति अवलम्बन गरेको जनाएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले नाफामा पुनरागमन, सञ्चित नोक्सानीमा आएको कमी तथा पुँजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकको न्यूनतम सीमाभन्दा माथि पुऱ्याउन सफल हुनु संस्थागत सुधार यात्राका महत्त्वपूर्ण उपलब्धि भएको बताए । उनले आगामी दिनमा निष्क्रिय कर्जा घटाउने, पुँजी आधार थप सुदृढ बनाउने तथा वित्तीय स्थायित्वलाई दिगो बनाउने कार्यलाई उच्च प्राथमिकता दिइने उल्लेख गरे ।

# एनसेल बिजनेसले वेब होस्टिङ र डोमेन सेवासहितका सुविधा उपलब्ध गराउने

**काठमाडौं/मस–** एनसेलले डोमेन दर्ता र व्यावसायिक वेब होस्टिङ सेवा एकै ठाउँबाट उपलब्ध गराउने गरी 'एनसेल बिजनेस क्लाउडसुइट' सेवा सुरु गरेको छ । एनसेलका अनुसार स्थानीय रूपमा समर्थित यो प्लेटफर्म नेपालभरिका व्यवसाय, स्टार्टअप, उद्यमी, शैक्षिक संस्था तथा विभिन्न संगठनलाई लक्षित गरिएको हो । क्लाउडसुइटमार्फत ग्राहकले डोमेन दर्ता, वेबसाइट होस्टिङ तथा आफ्नो अनलाइन उपस्थितिको व्यवस्थापन एकीकृत प्लेटफर्मबाट गर्न सक्नेछन् । यसमा डोमेन नवीकरण, ट्रान्सफर सहयोग, डिएनएस व्यवस्थापन, डोमेन फर्वार्डिङ, सबडोमेन व्यवस्थापन र केन्द्रीकृत डोमेन प्रशासनलगायत सुविधा उपलब्ध छन् । क्लाउडसुइटमा विदेशी मुद्रामा अन्तर्राष्ट्रिय होस्टिङ सेवा खरिद गर्नुपर्ने बाध्यता हटाइएको छ । ग्राहकले अब यी सेवाको शुल्क नेपाली रुपैयाँमै भुक्तानी गर्न सकिने कम्पनीले जनाएको छ । कम्पनीले वेब होस्टिङका लागि दुईवटा प्याकेज सार्वजनिक गरेको छ । बेसिक प्याकेजको मासिक शुल्क १ हजार रुपैयाँ रहेको छ । यसमा ३ जिबी साझा स्टोरेज, व्यावसायिक इमेल खाता, एसएसएल सर्टिफिकेट, स्वचालित ब्याकअप तथा सुरक्षा सुविधा समावेश छन् ।

# एनआइसी एसिया बैंकका ग्राहकलाई हेल्थी च्वाइस एस्थेटिक हस्पिटलमा छुट

**काठमाडौं/मस–** एनआइसी एसिया बैंक र बालुवाटारस्थित हेल्थी च्वाइस एस्थेटिक हस्पिटलबीच बैंकका ग्राहकलाई विभिन्न सेवाहरूमा छुट प्रदान गर्ने सम्बन्धमा समझदारी भएको छ । यस समझदारीअनुसार ग्राहकले उक्त हस्पिटलमा सेवा लिँदा विभिन्न सेवामा २० प्रतिशतसम्म छुट सुविधा उपयोग गर्न सक्नुहुनेछ । ग्राहकले हेयर ट्रान्सप्लान्टेसन एन्ड रेस्ट्रोरेसन, डरमाटोलोजी एन्ड स्किन ट्रिटमेन्ट, एस्थेटिक एन्ड बडी स्लिमिङअन्तर्गतका हस्पिटलले प्रदान गर्ने विभिन्न सेवामा २० प्रतिशतसम्म छुट सुविधा उपयोग गर्न सक्नुहुनेछ । त्यसैगरी, प्लास्टिक सर्जरीअन्तर्गतका सेवामा ५ हजारदेखि १० हजारसम्मको छुट सुविधा उपयोग गर्न ग्राहकले यस बैंकको मोबाइल बैंकिङ सेवा (मोबैंक), डेबिट कार्ड र क्रेडिट कार्ड प्रयोग गरी उक्त छुट सुविधा प्राप्त गर्न सक्नेछन् ।

# रिलायबल नेपाल लाइफ इन्स्योरेन्सद्वारा उत्कृष्ट अभिकर्ता सम्मान

**काठमाडौं/मस–** रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले कम्पनीको व्यवसाय विस्तार, उत्कृष्ट कार्यसम्पादन तथा बिमा सेवाको प्रवर्धनमा उल्लेखनीय योगदान पुऱ्याउने अभिकर्ताहरूलाई सम्मान गरेको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा देशभरबाट उत्कृष्ट कार्यसम्पादन गर्ने अभिकर्ताको उल्लेखनीय सहभागिता थियो ।

कार्यक्रममा उत्कृष्ट कार्यसम्पादन, समर्पण तथा कम्पनीको व्यावसायिक वृद्धिमा पुऱ्याएको महत्वपूर्ण योगदानको कदर गर्दै सम्मान गरिएको थियो । सम्मानित व्यक्तित्वहरूलाई सम्मानपत्र तथा मायाको चिनोसहित सम्मान गरिएको थियो । उक्त कार्यक्रममा प्रा.डा. भगवान कोइराला तथा डा. विष्णुप्रसाद रेग्मीको स्वास्थ्य, जीवन तथा पेसागत विकासमा टेवा दिने उत्प्रेरणामूलक विशेष प्रस्तुतिसमेत रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृतले कम्पनीको सफलताको प्रमुख आधार अभिकर्ता नै भएको उल्लेख गर्दै निरन्तर मिहिनेत, व्यावसायिक प्रतिबद्धता तथा ग्राहकप्रतिको उत्तरदायित्वको प्रशंसा गरे । उनले आगामी दिनमा पनि उत्कृष्ट कार्यसम्पादन गर्ने अभिकर्तालाई प्रोत्साहन गर्न यस्ता सम्मान कार्यक्रमलाई निरन्तरता दिइने विश्वास व्यक्त गरे । कार्यक्रममा व्यवसाय विस्तारका सम्भावना, आगामी रणनीति तथा ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्ने विषयमा समेत छलफल गरिएको थियो । साथै, सहभागी अभिकर्ताहरूबीच अनुभव आदान-प्रदान तथा सफलताको प्रेरणादायी यात्राबारे अन्तरक्रियात्मक सत्रसमेत सञ्चालन गरिएको थियो । रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले आफ्ना अभिकर्ताको क्षमता विकास, उत्प्रेरणा तथा व्यावसायिक उत्कृष्टतालाई प्रोत्साहन गर्दै बिमा क्षेत्रको समग्र विकासमा निरन्तर योगदान पुऱ्याउँदै आएको छ ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल